## रोशी गान

डाँडाकाँडा हरियाली, लेक बेँसी गाउँ
हामीलाई प्यारो लाग्छ, रोशी हाम्रो ठाउँ

महाभारत शृङ्खलामा, ताराखसे लेक
भूमिचुली घ्याङडाँडा तीनधारे भेग
कटुन्जे र मास्ती भिमसेन डम्फुपार्क राम्रो
सुन्दरताले भरिपूर्ण गौरव हो हाम्रो

फरक जाति भाषा धर्म कला थरी थरी
हाम्रो रोशी हामीलाई लाग्छ, सर्वोपरी

गोदावरी वनपाखामा निलाम्बरी फुल्छन्
पसिना र पौरखले रोशी हाम्रो झुल्छन्
हाम्रो आफ्नै संस्कृति छन् कला पहिचान
सिर्जनाले बढाउँछौ, रोशीको यो शान

डाँडाकाँडा हरियाली, लेक बेँसी गाउँ
हामीलाई प्यारो लाग्छ, रोशी हाम्रो ठाउँ

स्थानीय पाठ्यपुस्तक, कक्षा ३


**मेरो रोशी**

# स्थानीय पाठ्यपुस्तक

## कक्षा ३









रोशी गाउँपालिका
कटुन्जे, काभ्रेपलान्चोक

# मेरो रोशी

## स्थानीय पाठ्यपुस्तक

## कक्षा ३

**लेखन तथा संयोजन**

उद्धवप्रसाद प्याकुरेल

गुणराज मोक्तान

**लेखन समूह**

कुमार लामा

नारायण प्रसाद गौतम

रचना मौक्तान

राजकुमार रायामाझी

सरोज सापकोटा

सुशिल उप्रेती

तीर्थराज थिङ

महेन्द्र श्रेष्ठ

रत्न लामा

रामहरी राय

साधुराम रानामगर

यादव दाहाल

**रोशी गाउँपालिका**

कटुन्जे, काभ्रेपलान्चोक

**प्रकाशक :** रोशी गाउँपालिका

कटुन्जे, काभ्रेपलान्चोक

**सर्वाधिकार :** प्रकाशकमा

**संस्करण :** पहिलो

**प्रकाशन :** २०७८

**भाषा सम्पादन :** दिवाकर ढुङ्गेल

**रूप विन्यास :** जयराम कुइँकेल

**मुद्रक :**

# हाम्रो भनाइ

स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु तथा स्थानीय विज्ञको सहभागितामा पाठ्यक्रम प्रारूप २०७६ को मर्म र भावनानुसार आधारभूत तह कक्षा १-८ स्थानीय पाठ्यक्रम विकास गरी कार्यन्वयन गरिएको छ । भौगोलिक अवस्थिति, प्राकृतिक विविधता, सांस्कृतिक सम्पदा, जातिगत अवस्था, आर्थिक तथा सामाजिक परिवेशका साथै स्रोत साधनका दृष्टिकोणबाट हेर्दा रोशी गाउँपालिकाको आफ्नै विशेषता रहेको छ। यस पाठ्यपुस्तकमा रोशीको सेरोफेरो, स्थानीय सम्पदा संरक्षण, पर्यटन, कृषि तथा पशुपालन, स्थानीय सिपगत शिक्षा, मूल्य मान्यता, स्वास्थ्य, विपत् व्यवस्थापनका साथै सूचना र प्रविधिलाई समावेश गरिएको छ । स्थानीय पाठ्यक्रमका यी विषय क्षेत्रमा आधारित रही तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिहरू विद्यार्थीहरूले सहज ढङ्गबाट प्राप्त गर्न सकून् भन्ने उद्देश्यले स्थानीय विज्ञको सहयोगमा प्रयोग गरी स्थानीय पाठ्यपुस्तक कक्षा ३ तयार गरिएको छ। यस पाठ्यपुस्तकमा जम्मा १९ ओटा पाठ र सोहीअनुसारका अभ्यास समावेश गरिएका छन् । स्थानीय पाठ्यपुस्तकमा समावेश गरिएका यी पाठ र अभ्यासले स्थानीय पाठ्यक्रमका विषय क्षेत्र, सिकाइ उपलब्धि समेट्न सकेको छ। पाठहरू बालकविता, बालकथा, प्रबन्ध, संवाद, चिठी जस्ता शैलीमा स्थानीय विषयवस्तु समेटेर विद्यार्थीलाई अध्ययन गर्न आकर्षक बनाइएका छन्। यस्तै, चित्रहरूमा पनि पाठअनुसार स्थानीयता प्राप्त गर्न सकिने छ। प्रयोगात्मक अभ्यासहरू विद्यार्थीको सिकाइलाई सहज हुने गरी प्रस्तुत गरिएको छ। यसरी हेर्दा यो स्थानीय पाठ्यपुस्तक सिकारु केन्द्रित छ। यसमा विद्यार्थीको रुचि र क्षमतालाई ध्यान दिइएको छ।

यो स्थानीय पाठ्यपुस्तक निर्माण तथा विकास गर्ने क्रममा स्थानीय विज्ञताको प्रयोग गरिएको छ। यस महत्त्वपूर्ण अभियानमा सहभागी भई सहयोग गर्नुहुने शिक्षक, बुद्धिजीवी, सहयोगी संस्था, विषय विज्ञ, रोशी गाउँपालिका शिक्षा शाखालगायत सम्पूर्णमा रोशी गाउँपालिका परिवार हार्दिक कृतज्ञता ज्ञापन गर्दछ।

रोशी गाउँपालिका
कटुन्जे, काभ्रेपलान्चोक

# विषयसूची


| पाठ | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ १ | हाम्रा प्रहरी साथी | १ |
| पाठ २ | हाम्रो उमेर र काम | ५ |
| पाठ ३ | हाम्रा चाडपर्व | १० |
| पाठ ४ | हाम्रा घरेलु सामान | १४ |
| पाठ ५ | छिमेकी वडा | १७ |
| पाठ ६ | हाम्रा धार्मिक स्थल | २१ |
| पाठ ७ | हाम्रो संस्कृति | २५ |
| पाठ ८ | भ्रमणको योजना | २९ |
| पाठ ९ | निलाम्बरी फूल | ३४ |
| पाठ १० | सफल किसान | ३९ |
| पाठ ११ | व्यावसायिक खेती | ४५ |
| पाठ १२ | हाम्रो लोकगीत | ५१ |
| पाठ १३ | खण्डोमा मम | ५४ |
| पाठ १४ | सपना र दोर्जे | ५८ |
| पाठ १५ | रोग र उपचार | ६३ |
| पाठ १६ | आगलागी | ६९ |
| पाठ १७ | बाढी पहिरो | ७४ |
| पाठ १८ | को ठुलो ? | ७८ |
| पाठ १९क | सूचना प्रविधिको महत्त्व | ८१ |

# १ हाम्रा प्रहरी साथी




एक दिनको कुरा हो, बिहान दश बजेको थियो । मेरो गाउँको मिल्ने साथी पेम्बा र म खेल्नका लागि शिखर बजारतिर जाँदै थियौं ।

"पेम्बा, हेर त, ती मानिस को होलान् ?" मैले भनें । पेम्बाले पनि केही नबोली हेरिरहे । परबाट तीनजना मानिस हामीतिरै आइरहेका थिए । उनीहरूले निलो रङको कपडा लगाएका थिए । रातो टोपी लगाएका थिए । सबैले हातमा बन्दुक बोकेका थिए ।

"मलाई त कस्तो डर लाग्यो ! लुकौं लुकौं !" मैले भनें । साथी पेम्बा र म डराएर लुसुक्क बाटोमाथि उक्लियौं । हाम्रा खुट्टा कामेका थिए । तिनीहरू फटाफट गए । हामी फेरि बाटोमा आयौं । "यस्ता एकै किसिमका लुगा लगाउने मानिस को होलान् ? बन्दुक किन बोकेका होलान् ? कहाँ जान हिंडेका होलान् ?" सोच्दै त्यहाँबाट हामी दुवैजना शिखरबजार हुँदै आफ्नो गाउँ भदौरेतर्फ लाग्यौं ।

हामी घरनजिक चौतारामा पुगेका थियौं । चमेली काकीसँग हाम्रो भेट भयो ।

"तिमीहरू कहाँ गएर आएका ?" काकीले सोध्नुभयो । हामी शिखर बजार गएर आएको । नौलो मानिस भेटेको र डर लागेको कुरा काकीलाई बतायौँ । काकीले भन्नुभयो, "उहाँहरू त पुलिस पो हुन् । हाम्रो गाउँको छिमेकी राम



काका र सोनाम दाईले खानेपानी धाराको निहुँमा झगडा गरेछन् । राम काकाले सोनाम दाइलाई बेसरी पिटेर घाइते बनाएछ । छिमेकीले थाहा पाएर रोशी गाउँपालिका वडा नम्बर एकमा रहेको खहरेपाँगु चौकीमा जानकारी दिएछन् । अनि चौकीबाट प्रहरी आएका रहेछन् । ती प्रहरीहरूले दुवै जनालाई खहरेपाँगु चौकीमा लगे ।"

अर्को दिन मेरो साथी पेम्बा र म विद्यालय जाँदै थियौँ । बाटामा दुईजना प्रहरीलाई भेट्यौँ । प्रहरीलाई देख्ने बित्तिकै पेम्बा रुन थाले । प्रहरी दाइले किन रोएको बाबु, भनेर सोध्नुभयो । तर पेम्बा प्रहरी दाइसँग बोल्न मानेनन् । त्यसपछि मैले भनेँ, "उनी तपाईँलाई देखेर रोएका हुन् ।"




"हामीदेखि डराउनु पर्दैन । हामी पनि तपाईँहरू जस्तै मानिस हौँ । तपाईँ साना साना मानिसलाई त हामी माया गर्छौं । सुरक्षा दिन्छौं ।" प्रहरी दाइले भन्नुभयो ।

"अनि तपाईंहरूले बन्दुक किन बोकेको त ?" पेम्बाले रुन छाडेर सोधे ।

"ए, तपाईं त बन्दुक देखेर पो डराउनुभएको रहेछ । यो बन्दुकले हामी कसैलाई केही गर्दैनौँ । हामी जिम्मेवार प्रहरी हौँ । प्रहरीले समाजमा भएका चोरी, डकैती लुटपाट गर्नेलाई खोजी खोजी कारबाही गर्छ । समाजमा नराम्रो काम गर्ने मानिसलाई कानुनअनुसार दण्ड सजायको व्यवस्था गर्छ । तपाईंहरूको टोल, छर छिमेकमा नराम्रो घटना घट्न सक्छन् । यदि त्यसो भएमा खहरेपाँगुको प्रहरी चौकीलाई खबर गर्नुपर्छ ।" प्रहरी दाइले भन्नुभयो ।

पेम्बाले हाँस्दै भने, "ए, बल्ल थाहा भयो । समाजमा नराम्रो काम गर्नेलाई कारबाही गर्ने एक असल इमानदार व्यक्ति नै प्रहरी दाइ हुनुहुँदो रहेछ । अब हामी प्रहरीलाई सहयोग गर्छौं । हामी प्रहरीको आसल साथी बन्छौँ ।"

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) पेम्बा साथीसँग कहाँ जाँदै थिए ?

(ख) उनीहरू किन डराएका थिए ?

(ग) चौतारामा उनीहरूको कोसँग भेट भयो ?

(घ) प्रहरीले हामीलाई के दिन्छ ?

(ङ) प्रहरीले कस्तो मान्छेलाई कारबाही गर्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) प्रहरीहरू .................. रङको कपडा लगाउँछन् ?

(ख) प्रहरीले हातमा ............................ बोकेका थिए ।

(ग) राम काकाले .................... दाइलाई पिटेर घाइते बनाए ।

(घ) पेम्बा प्रहरीसँग .......................... मानेनन् ।

(ङ) हामी प्रहरीको .................... साथी बन्छौँ ।

३. **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) प्रहरी | हतियार |
| (ख) चौकी | समुदाय |
| (ग) चोरी | सुरक्षा |
| (घ) समाज | प्रहरी बस्ने ठाउँ |
| (ङ) असल | कानुनी कारबाही |
| च) बन्दुक | राम्रो |

४. **तपाईँका वडामा रहेका धार्मिक स्थलहरूको भौगोलिक अवस्था लेख्नुहोस् ।**

५. **तपाईँको गाउँमा रहेका धार्मिकस्थलहरूको सरसफाइ योजना बनाउनुहोस् र सरसफाइ कार्यमा पनि सहभागी हुनुहोस् ।**

६. **प्रहरीले के के कुरामा सुरक्षा दिन्छन्, अभिभावकसाग सोध्नुहोस् र लेखेर साथीलाई सुनाउनुहोस् ।**

७. **मठ, मन्दिर, गुम्बाको चित्र बनाउनुहोस् ।**

# २ हाम्रो उमेर र काम



अमर : नमस्कार सोनाम दाइ !

सोनाम : नमस्ते अमर भाइ ! तिमी के गर्दै छौ ?

अमर : आज छुट्टीको दिन । वस्तुलाई घाँसपात दिन लागेको । फुर्सदको समयमा आमा बालाई सघाउनुपर्‍यो नि त । अनि सोनाम दाइ सहरबाट कहिले आउनुभयो नि ?

सोनाम : म हिजो आएको ? तिमी त निकै ठुलो पो भैसकेछौ ? कति वर्षका भयौ हँ ?

अमर : म आठ वर्षको भएँ । यता पिँढीमा बस्नुहोस् न दाइ ।

सोनाम : तिमी फुर्सदको समयमा घरमा के के काम गर्छौ ?

अमर : अँ म आमालाई भान्छामा सहयोग गर्ने काम गर्छु । आमाबुबा खेतमा काम गर्न जानुहुन्छ । म खाजा लगिदिन्छु । आफूले सक्ने घरको काम गर्छु, दाइ ।



सोनाम : त्यसो भए भान्छामा चाहिँ के के काममा सहयोग गर्छौ नि ?

अमर : गोठबाट दाउरा ल्याउने, चुलोमा आगो बाल्ने, चामल पखाल्ने, तरकारी पखाल्ने र काट्ने गर्छु । कहिलेकाहीँ त खाना पनि पकाउँछु ।

सोनाम : ओहो, तिमी त असल रहेछौ । अनि आमा बुबा ?

अमर : तपाईंलाई थाहा नै छ नि दाइ ! हाम्रा आमाबुबा किसान हुनुहुन्छ । किसानी भएपछि खेतीको काम त गर्नैपर्‍यो नि, हैन र ?

सोनाम : हो, तिमीले कस्तो राम्रो कुरा गर्‍यौ । तिम्रो पढ्ने उमेर हो । तिमी अहिले पढ्दै छौ । घरको काम पनि सिक्दै छौ । जति ठुलो हुँदै जान्छौ, उमेरअनुसार काम पनि थपिँदै जान्छ ।

अमर : अनि दाइ कति वर्षको हुनुभयो नि ?

सोनाम : म पच्चिस वर्षको भएँ ।




अमर : अनि तपाइँ के काम गर्नुहुन्छ त ?

सोनाम : म त गाडी चलाउँछु ।

अमर : ओहो ! म पनि तपाइँसँगै गाडी चलाउन जान्छु नि !

सोनाम : हेर अमर, गाडी चलाउन पनि राम्रोसँग पढ्नैपर्ने रहेछ । यो त तिम्रो पढ्ने उमेर हो । पच्चिस वर्षमा त तिमीले आफ्नो पढाइ पनि सक्छौ । अनि त आफूलाई मन लागेको काम गर्न पाइहालिन्छ नि ।

अमर : यो उमेरमा चाहिँ गाडी चलाउन हुन्न र सोनाम दाइ ?

सोनाम : सानो उमेरमा गाडी चलाउँदा जोखिम हुन्छ ?

अमर : ओहो ! उमेरअनुसारको काम पो गर्नुपर्ने रहेछ । म त पच्चिस वर्ष नभै गाडी चलाउँदिन ।

सोनाम : ल, अमर भाइ अहिले म गएँ । पछि फेरि भटौँला है ।

(सोनाम बाटो लाग्छन् । अमर घाँसको अँगालो बोकेर गोठतिर लाग्छन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) तपाईँ कति बर्षको हुनुभयो ?

(ख) तपाईँ के के काम गर्नुहुन्छ ?

(ग) तपाईँको बुबा के काम गर्नुहुन्छ ?

(घ) तपाईँको बुबा कति बर्षको हुनुभयो ?

(ङ) तपाईँको आमा कति बर्षको हुनुभयो ?

२. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | गोठ | खाना बनाउने कोठा |
| (ख) | चुलो | गाडी चलाउने मान्छे |
| (ग) | किसान | गाईवस्तु राख्ने ठाउँ |
| (घ) | ड्राइभर | खाना बनाउन आगो बाल्ने साधन |
| (ङ) | भान्छा | खेती गर्ने मान्छे |

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

(क) अमर आठ बर्षका भए ।

(ख) सोनाम बिस बर्षका भए ।

(ग) अमर आमालाई भान्छामा सहयोग गर्छन् ।

(घ) अमरका आमा बुबा व्यापारी हुन् ।

(ङ) हामीले उमेरअनुसारको काम गर्नुपर्छ ।

४. **तपाइँको परिवारमा उमेरअनुसार कसकसले के के काम गर्नुहुन्छ, लेख्नुहोस् ।**

५. **आफ्नो परिवार सहित तीन घर छिमेकीको उमेरगत जनसङ्ख्या गणना गर्नुहोस् ।**

६. **परियोजना कार्य**

**तपाइँको आमाबुबाले खेतबारीमा के के काम गर्नुहुन्छ, अवलोकन गरेर बुँदागत रूपमा लेखेर ल्याउनुहोस् ।**

७. **तपाइँले आफ्नो घरको कुन कुन काममा सहयोग गर्नुहुन्छ, सूची बनाउनुहोस् ।**

३

# हाम्रो चाडपर्व



रोशी गाउँपालिकाभित्र विभिन्न प्रकारका जात जातिहरूको बसोबास छ । भिन्न जातजातिका मानिसहरूले आ-आफ्नै धर्म, संस्कृति तथा चाडपर्व मनाउने गर्छन् । उनीहरूले मनाउने चाडपर्वहरू पनि फरक फरक रहेका छन् । जस्तै हिन्दु धर्म मनाउनेले दसैं, तिहार, तीज, जनै पूर्णिमा मनाउँछन् । हिन्दुहरूले विशेष गरी दसैं पर्वमा नवदुर्गा भवानीको पूजा पाठ गर्छन् । आफूभन्दा ठुलाबडाको हातबाट टीका र जमरा लगाई आशीर्वाद थाप्छन् । मिठा मिठा खानेकुराहरू खाई एक आपसमा रमाइलो गर्छन् । त्यसैगरी बौद्ध धर्म मान्नेहरूले ल्होछार, बुद्धजयन्ती चण्डीपूर्णिमा मनाउँछन् । ल्होछार पर्वमा मानिसहरू मिठा खानेकुरा खाँदै एक आपसमा शुभकामना आदानप्रदान गर्ने गर्छन् । यो पर्व माघ महिनामा पर्दछ । सोनाम ल्होछार पर्व मनाउन रोशी गाउँपालिकाले तीन दिन सार्वजनिक बिदा दिने गरेको छ । यो पर्व विशेष गरी तामाङ जातिले धुमधामका साथ मनाउने गर्छन् ।




यस रोशी गाउँपालिकाअन्तर्गत बसोबास गरेका पिछडिएका जातिमा पहरी, हायु, भुजेल छन् । यी जातिहरूले पनि चाडपर्व मनाउँछन् । भुजेल जातिले जल, जमिन जङ्गल, वायु, सूर्यलाई पञ्चदेवता मान्छन् । उनीहरूले पञ्च देवतालाई पूजा गरेर उधौली, उभौली पर्व धुमधामसँग मनाउँछन् । यस रोशी गाउँपालिका सबै जातिको साझा फूलबारी हो । जसरी फूलबारीमा विभिन्न जात जातिका फूलहरू पाइन्छन्, त्यसरी नै रोशी गाउँपालिकाभित्र पनि फरक फरक जात जातिका मानिसहरू रहेका छन् । फरक फरक जातिका मानिसहरूले फरक फरक किसिमका धर्म, चाडपर्व र संस्कृति मनाउने गर्दछन् । रोशीका मानिसहरू सबै जातजातिका संस्कृतिलाई साझा सम्पति मान्दछन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) तपाईं कुन कुन चाडपर्व मनाउनुहुन्छ ?

(ख) हिन्दु धर्मावलम्बीहरूले दसैंमा के को पूजा गर्छन् ?

(ग) तामाङहरूको मुख्य पर्व कुन हो ?

(घ) भुजेल जातिले मान्ने पञ्च देवताभित्र के के पर्छन् ?

(ङ) लोपोन्मुख जातिहरूमा कुन कुन पर्दछन् ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) दसैं.......धर्मावलम्बीहरूको महान पर्व हो ।

(ख) पञ्चदेवता..........जातिले मनाउँछन् ।

(ग) रोशीका मानिसहरू सबै जातजातिका संस्कृतिलाई ........ सम्पति मान्दछन् ।

(घ) ल्होछार.........हरूको पर्व हो ।

(ङ) बुद्धजयन्ती.......धर्म मान्नेहरूले मनाउँछन् ।

३. **मिल्ने उत्तर छानेर ठिक चिह्न लगाउनुहोस् :**

(क) हिन्दु धर्मावलम्बीहरूले कुन पर्व मनाउँछन् ?

अ) ल्होछार आ) दसैं इ) माघी

(ख) बौद्ध धर्मावलम्बीहरूले कुन पर्व मनाउँछन् ?

अ) तीज आ) जनैपूर्णिमा इ) बुद्धजयन्ती

(ग) मगरहरूको मुख्य चाड के हो ?

अ) फागुपूर्णिमा आ) ल्होछार इ) माघी

(घ) रोशी गाउँपालिकाको लोपोन्मुख जातिहरू तलका मध्ये कुन हो ?

अ) तामाङ आ) मगर इ) हायु

(ङ) रोशी गाउँपालिकाले ल्होछारमा कति दिन सार्वजनिक बिदा दिने गरेको छ ?

अ) एक दिन आ) दुई दिन इ) तीन दिन

४. स्थानीय स्तरमा मनाउने चाडपर्वको सूची बनाउनुहोस् ।

५. तपाईँको परिवारमा मनाइने कुनै एउटा चाडपर्वको मनाउने तरिका लेख्नुहोस् ।

६. ल्होछार पर्व मनाएको अवलोकन गर्नुहोस् र देखेका कुरा लेखेर साथीलाई सुनाउनुहोस् ।

७. तपाईँलाई मन पर्ने चाडपर्व मनाएको चित्र बनाउनुहोस् ।

# ४ हाम्रो घरेलु सामान



ग्वाइँ ग्वाइँ जाँतो घुमाई (मकै पिस्नलाई)

ढिकी पनि प्रयोग गर्छौं (धान कुट्नलाई)



कचिया र हँसिया समाई (घाँस काट्नलाई)

बन्चरोमा सान लगाउने (दाउरा चिर्नलाई)



आऊ साथी छपनी चलाऊ (तोरी पिस्नलाई)

मान्द्रो पनि प्रयोग गर्छौं (हामी सुत्नलाई)

आउ साथी कोल चलाऊ (तोरी पेल्नलाई )

छपनी पनि प्रयोग गरौँ (तेल निकाल्नलाई)



आऊ साथी घट्ट चलाऊँ (मकै पिस्नलाई)

डुँडबाट पानी लगाऊँ (घट्ट घुमाउनलाई )

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) घरेलु सामान भनेको के हो ?

(ख) ढिकी केका लागि प्रयोग गरिन्छ ?

(ग) कचिया र हँसियामा के फरक छ ?

(घ) छपनी भनेको के हो ?

(ङ) घट्ट र जाँतोमा के फरक ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) दाउरा चिर्न .......को प्रयोग गरिन्छ ।

(ख) सुत्नका लागि...........को प्रयोग गरिन्छ ।

(ग) तेल पेल्न............को प्रयोग गरिन्छ ।

(घ) घट्ट घुमाउन...........बाट पानी लगिन्छ ।

(ङ) घाँस काट्न..........को प्रयोग गरिन्छ ।

३. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | घट्ट | सुत्नका लागि |
| (ख) | बञ्चरो | तोरी पेल्नका लागि |
| (ग) | छपनी | मकै पिस्नका लागि |
| (घ) | कोल | दाउरा चिर्नका लागि |
| (ङ) | मान्द्रो | तेल निकाल्नका लागि |

४. **स्थानीय स्तरमा उत्पादन हुने सामग्रीको सूची तयार गर्नुहोस् ।**

५. **कुनै तीनओटा स्थानीय सामग्रीको परिचय दिनुहोस् ।**

६. **तपाईँको घर वा छिमेकीको घरमा भएको घट्ट केबाट बनेको छ, सोधेर लेख्नुहोस् ।**

७. **तीनओटा स्थानीय उत्पादनका सामग्रीको चित्र बनाउनुहोस् ।**

# ५ छिमेकी वडा



मिति २०७८।२।२०

रोशी गा.पा ९

प्यारो साथी दोर्जे

मिठो सम्झना,

प्यारो साथी म यहाँ सन्चै छु । त्यहाँ तिमीलाई पनि आरामै होला भन्ने आसा गर्दछु । आज म तिमीलाई मेरो छिमेकी वडाको विषयमा जानकारी गराउन पत्र लेख्दै छु ।

म रोशी गाउँपालिकाको वडा नं. तीनमा बस्छु । यो कुरा त तिमीलाई थाहा नै छ । यसभन्दा अघिको पत्रमा मेरो वडामा भएका सेवा, सुविधा र वडा प्रतिनिधिले गरेका विकासका काम लेखेर पाठाएको थिएँ । अब म हाम्रो छिमेकी वडा नं एक, दुई र चारको पनि केही कुरा थपेर पत्र लेख्दै छु । यी वडाभित्र पर्यटक क्षेत्र, व्यापारी केन्द्रहरूका बारेमा पनि तिमीलाई जानकारी गराउँछु । छिमेकी वडा नम्बर दुईमा पर्यटकीय क्षेत्र तीनधारे झरना, वन जङ्गल खोलानालाहरू छन् । यी खोलानालाले हाम्रो कृषि क्षेत्रमा सहयोग पुऱ्याएको छ । त्यसै गरी व्यापारिक केन्द्रको रूपमा फलामेसाँघु बजार छ । यस बजार क्षेत्रमा भैंसी फर्म, हस्पिटल भेटेरिनरी, मेडिकल छन् । त्यस्तै हाम्रो तीन नम्बर वडामा धार्मिक स्थलअन्तर्गत देवीको मन्दिर, साँझकोट, पाँच पाण्डव भिमसेन मन्दिर र महादेव स्थान,

भण्डारे साथै प्राकृतिक सौन्दर्यको रूपमा ताराखसे लेक छ। उक्त लेकमा एउटा हात्ती आहाल पनि छन्। यो हात्ती आहाल ठूलो छ। यस वरिपरि जङ्गलमा नीम काठ, कटुस चाँप जस्ता बोटबिरुवाहरू पाइन्छन्। यस्ता सम्पदाहरूको संरक्षण हामी सबैले गर्नुपर्दछ। संरक्षण गऱ्यौं भने हामीभन्दा पछिल्ला पुस्ताका मानिसहरूले देख्न पाउँछन्। यसकारण यस्ता कुराहरूको संरक्षण गर्न हामी सबै ले सहयोग गर्नुपर्दछ।

साथी, तिमीले पनि यसरी नै आफ्नो वडा र छिमेकी, वडाका प्राकृतिक सम्पदा, वडाका विकास, उत्पादनका कुरा व्याख्या गरी पठाऊ है, भन्दै आजलाई मेरो लेखाइ यही बन्द गर्न चाहन्छु, बाँकी अर्को पत्रमा लेख्ने छु।

उही तिम्रो साथी

सविन तामाङ

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) यो चिठीको ठेगाना कहाँ हो ?

(ग) चिठीमा केका बारेमा बयान गरेको छ ?

(घ) यो चिठी कुन मितिमा लेखेको हो ?

(ङ) पाँच पाण्डव भिमसेन मन्दिर कति नम्बर वडामा छ ?

२. **ठिक उत्तर मात्र कापीमा लेख्नुहोस् :**

(क) सविन तामाङ रोशी गाउँपालिकाको कति नम्बर वडामा बस्छन् ?

अ) वडा नम्बर दुईमा

आ) वडा नम्बर तीनमा

इ) वडा नम्बर चारमा

(ख) तीनधारे झरना कति नम्बर वडामा पर्छ ?

अ) वडा नम्बर एकमा

आ) वडा नम्बर दुईमा

इ) वडा नम्बर तीनमा

(ग) फलामे साँघु बजारमा तलका मध्ये कुन छैन ?

अ) भैँसी फार्म

आ) हस्पिटल

इ) भेडा फार्म

(घ) ताराखसे लेक कति नम्बर वडामा पर्छ ?

अ) वडा नम्बर दुईमा

आ) वडा नम्बर तीनमा

इ) वडा नम्बर चारमा

(ङ) हात्ती आहालको नाम कसरी रहन गयो ?

अ) भैँसी आहाल बसेको हुनाले

आ) हात्ती आहाल बसेको हुनाले

इ) गोही आहाल बसेको हुनाले

३. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) सविन तामाङले .......लाई चिठी लेखे ।

(ख) खोलानालाले हाम्रो .......क्षेत्रलाई सहयोग पुर्‍याएको छ ।

(ग) सम्पदाहरूको संरक्षण हामी.........गर्नुपर्दछ ।

(घ) सविन रोशी गाउँपालिका वडा नम्बर.....मा बस्छन् ।

(ङ) वडा नम्बर.......मा देवीको मन्दिर छ ।

४. **छिमेकी वडाको जनप्रतिधिको नाम लेख्नुहोस् ।**

५. **वडा प्रतिनिधिको पाँचओटा काम सूची बनाउनुहोस् ।**

६. **तपाईँको वडामा भएका कुनै तीन वटा धार्मिकस्थलहरू अवलोकन गर्नुहोस् नाम लेखेर ल्याउनुहोस् ।**

७. **तपाईँको वडाको वर्णन गर्दै साथीलाई एउटा चिठी लेख्नुहोस् ।**

६

# हाम्रा धार्मिक स्थल



हाम्रो भूमिथान काभ्रेपलान्चोक जिल्ला रोशी गाउँपालिका वडा नं. ९ मा पर्छ । यो भूमिचुली डाँडा उच्च र अत्यन्तै रमणीय स्थल हो । भूमिचुली डाँडा यस वडाको दक्षिणतर्फ रहेको महाभारत पर्वतमालामा पर्दछ । त्यही भूमिचुली डाँडामा भुमेको थान रहेको छ । भूमिथानसँगै ठाकुरथान पनि रहेकाले मानिसहरू यसलाई भुमेठाकुरथान पनि भन्दछन् । भूमिथान एक प्रसिद्ध धार्मिक स्थल हो । भूमिथान भूमिचुलीको अग्लो ओढारको काखमा रहेको छ । रोशी गाउँपालिका वडा नम्बर ९ मा नार्केबजार छ । बजारनजिकै बि.पी. राजमार्गमा रहेको बुद्धपार्क छ । बुद्धपार्कबाट दक्षिणतर्फ कच्ची मोटरबाटो हुँदै भूमिथानसम्म पुग्न सकिन्छ । भूमिथानको ढोका पश्चिमतर्फ फर्किएको छ । भूमिथानको वरपर भूमिचुली जङ्गल रहेको छ । भूमिथानको उत्तरतिर सुन्दर रजबास गाउँ रहेको छ । पूर्वतिर रोशी गाउँपालिकाको वडा नं. १० छ । पश्चिमतिर वडा नं. ८ र ६ को सिमाना पर्दछ । दक्षिणतिर भने महाभारत गाउँपालिकाको सिमाना पर्दछ । भूमिथान रहेको स्थानबाट रोशी गाउँपालिकाको वडा नं. एकदेखि बाह्र

नं. वडाका भू-भागहरूको अवलोकन गर्न सकिन्छ । यसका साथै विश्वको सर्वोच्च शिखर सगरमाथा यहाँबाट देख्न सकिन्छ । यहाँबाट नेपालको पूर्वदेखि मध्ये पश्चिमसम्मको विभिन्न हिमालहरूको अवलोकन गर्न सकिन्छ ।

भूमिथानमा प्रत्येक पूर्णिमा र औँसीमा पुजारीबाट पुजाआजा गर्ने परम्परा रहिआएको छ । वैशाख पूर्णिमा र जनैपूर्णिमाको दिन विशेष पूजा गर्ने गरिन्छ । नयाँ वर्ष, जनैपूर्णिमा र फागुपूर्णिमामा ठुलो मेला पनि लाग्दछ । भुमेको दर्शन तथा पूजाआजा गर्न रोशी गाउँपालिका, महाभारत गाउँपालिका, तेमाल गाउँपालिका र नमोबुद्ध नगरपालिकाबाट मानिसहरू आउने गर्दछन् ।



भूमिथानको दर्शन तथा पूजा गरेमा सुख शान्ति मिल्ने र मनले सोचेको कुरा पुग्ने विश्वास गर्दछन् । लामो समयसम्म पानी नपरेमा भूमिथानमा पूजाआजा गरेमा पानी पर्छ भन्ने पनि जनविश्वास रहेको छ । भूमिथानको संरक्षण र सम्वर्धन विशेष गरी रोशी गाउँपालिका वडा नं. नौ रजबासका मानिसहरूले गर्दै आइरहेका छन् । समय समयमा सरसफाइ, मेला व्यवस्थापन र मर्मत सम्भारलगायतका कार्यहरू रजबासका सबै मानिसहरू मिलेर गर्दछन् ।

भूमिथान हाम्रो साझा धार्मिक सम्पदा हो । यस्तै, धार्मिक स्थल रोशी गाउँपालिकाभित्र धेरै छन् । धार्मिक सम्पदा हाम्रो चिनारी हो । यहाँको परम्परागत मूल्यमान्यता हाम्रा संस्कृति हुन् । यस्ता संस्कृतिहरूमा हाम्रा परम्परागत रीतिरिवाज र चालचलन झल्केको हुन्छ । यी हाम्रा सांस्कृतिक सम्पदाहरू हुन् । महिला, पुरुष र बालबालिकाहरू मिलेर यस्ता सम्पदाहरूको संरक्षण तथा सम्वर्धन गर्नुपर्दछ । यो हामी सबैको कर्तव्य हो ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) भूमिथान कुन डाँडामा रहेको छ ?

(ख) भूमिचुली पुग्न कहाँबाट जानुपर्छ ?

(ग) भूमिथानको उत्तरतिर कुन गाउँ रहेको छ ?

(घ) भूमिथान रहेको ठाउँबाट कुन कुन हिमाल देखिन्छ ?

(ङ) धार्मिक सम्पदाको संरक्षण गर्न के के गर्नुपर्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) भूमिचुली डाँडा उच्च र ....स्थल हो ।

(ख) भूमिथानको ढोका........तर्फ फर्केको छ ।

(ग) विश्वको सर्वोच्च शिखर......हो ।

(घ) भूमिथानमा प्रत्येक पूर्णिमा र ....मा पूजा गरिन्छ ।

(ङ) भूमिथान हाम्रो साझा.........हो ।

३. **मिल्ने उत्तर छानेर ठिक चिह्न लगाउनुहोस् :**

(क) भूमिचुली कुन पर्वतमालामा पर्दछ ?

अ) तेमाल पर्वतमाला आ) महाभारत पर्वतमाला

इ) दाप्चा पर्वतमाला

(ख) भूमिथानमा कहिले मेला लाग्छ ?

अ) साउने सङ्क्रान्तिमा आ) नयाँ वर्षमा इ) ल्होछारमा

(ग) भूमिथान कस्तो सम्पदा हो ?

अ) धार्मिक आ) सामाजिक इ) ऐतिहासिक

(घ) हामीले संस्कृतिको संरक्षण किन गर्नुपर्छ ?

अ) अरुलाई देखाउन आ) आफ्नो संस्कृति जोगाउन

इ) रमाइलोका लागि

(ङ) भूमिथानको दर्शन गरेमा के हुन्छ ?

अ) मनमा शान्ति मिल्छ । आ) झगडा हुन्छ ।

इ) केही हुँदैन

४. **तपाईँको वडामा रहेका धार्मिक स्थलहरूको भौगोलिक अवस्था लेख्नुहोस् ।**

५. **तपाईँको गाउँमा रहेका धार्मिकस्थलहरूको सरसफाइ योजना बनाउनुहोस् र सरसफाइ कार्यमा पनि सहभागी हुनुहोस् ।**

६. **भूमिथानको मन्दिरलाई सफा गरे जस्तै तपाईँ आफ्नो घर वरिपरि कसरी सफा गर्नुहुन्छ, लेखेर ल्याउनुहोस् ।**

७. **मठ, मन्दिर, गुम्बाको चित्र बनाउनुहोस् ।**

# ७ हाम्रो संस्कृति





सुन्दरताले भरिपूर्ण रोशी सेरोफेरो
स्वर्ग जस्तै सम्पदा छन् स्वाभिमान मेरो
सयथरी संस्कृति छन् मौलिक पहिचान
आमाबुबा गुरु हाम्रा असल भगवान



हरेक जात भाषा धर्म सम्पदाका खानी
दया धर्म सहयोग हाम्रा असल बानी
घर आँगन सफा राख्छौँ मन्दिर र बाटो
प्यारो लाग्छ आफ्नै आँगन फूलबारीको माटो

भजनकीर्तन लोकख्याली गाउँछौं तामाङ सेलो
मौलिकतामा रमाउँदै खेल्छौं देउसी भैलो
धनी गरिब भेदभाव हुन्न धर्म जाति
हाँसो खुसी दुःख मर्म सबै हाम्रा साथी





पुर्खादेखि मान्दै आयौं संस्कृतिका कथा
छुवाछुत दाइजो बोक्सी हटाउनु छ प्रथा
सजाउँदै दौरा सुरुवाल शिरमा ढाका टोपी
अन्धकार, कुरीतिलाई मनैदेखि छोपी

नाच्छौं हामी मारुनीमा दसैं ल्होछार पर्व
अनेक जात भाषा भेष लाग्छ हामीलाई गर्व
हटाउनुपर्छ हाम्रा गाउँका विकृतिलाई
जोगाउँदै अनेकता असल संस्कृतिलाई



## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) रोशी गाउँपालिका केले भरिएको छ ?

(ख) हाम्रा असल भगवान् को को हुन् ?

(ग) हाम्रा असल बानी के के हुन् ?

(घ) हामीले हाम्रो कुन कुन ठाउँ सरसफाइ गर्नुपर्छ ?

(ङ) हाम्रो मर्म के हो ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) हामीले हाम्रो असल संस्कृतिलाई.......पर्छ ।

(ख) हामी विकृतिहरूलाई..........हटाउनुपर्छ ।

(ग) हामीले अन्धकार र ........लाई मनैदेखि छोप्नुपर्छ ।

(घ) हामी मौलिकतामा रमाउँदै देउसी.......खेल्छौँ ।

(ङ) हामीले धनी......भनेर भेदभाव गर्नु हुँदैन ।

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

(क) रोशी गाउँपालिका स्वर्ग जस्तै सुन्दर छ ।

(ख) आमाबुबा हाम्रा असल गुरु होइनन् ।

(ग) भजनकीर्तन, ख्याली, सेलो हाम्रा मौलिकता हो ।

(घ) हाम्रो संस्कृति पुर्खादेखि मान्दै आएको होइन ।

४. तपाईँको वडामा भएका धार्मिक स्थल समेटेर एउटा कविता लेख्नुहोस् ।

५. तपाईँको घरनजिक रहेको धार्मिक स्थलको भौगोलिक अवस्था वर्णन गर्नुहोस् ।

६. तपाईँ कुन भाषा बोल्नुहुन्छ ? तपाईँको भाषामा एउटा गीत लेखेर ल्याउनुहोस् र कक्षामा सुनाउनुहोस् ।

७. तपाईँको घरनजिक भएको धार्मिक स्थलको वरपर फूल बगैँचा निर्माण गर्ने योजना बनाउनुहोस् र बगैँचा निर्माण कार्यमा सहभागी हुनुहोस् ।

८

# भ्रमणको योजना



भ्रमणको योजनाबारे शिक्षक र विद्यार्थीबिच कुराकानी हुन्छ ।

निरोज : सर ! तपाईँको हालखबर के छ ?

शिक्षक : मेरो त सब ठिक छ, तिम्रो के छ नि ?

निरोज : मेरो पनि सब ठिक छ ।

शिक्षक : आज धेरै समयपछि पो तिमीसँग भेट भयो नि ।

निरोज : हो त नि, मैले तपाईँलाई एउटा प्रश्न गर्छु भनेको बल्ल आज भेट भयो ।

शिक्षक : के कुरा हो भन न ।

निरोज : मेरो मनमा एउटा योजना थियो । सुनाऊँ त ?

शिक्षक : सुनाऊ त, कस्तो छ तिम्रो योजना ?

निरोज : हामी पनि नजिकको ठाउँ घुम्न जान पाए रमाइलो हुन्थ्यो कि सर ।

शिक्षक : कहाँ जाने योजना छ त ?

निरोज : हाम्रो विद्यालयबाट धेरै टाढा होइन । तीनधारे झरनासम्म मात्र भनेको ।

शिक्षक : तीनधारे झरना जानका लागि सबैभन्दा पहिला तिमीहरूले साथी साथीबिच सल्लाह गर्नुपर्छ है ।

निरोज : के सल्लाह सर ?

शिक्षक : तीनधारे झरना जाँदा खान बस्नको लागि सामानहरू बोक्नुपर्छ । कामहरू साथीलाई भागवण्डा लगाउनुपर्छ, अनि सजिलो हुन्छ ।

निरोज : हवस् सर तर जाँदा नयाँ ठाउँहरूको नाम लेख्न कापी र कलम पनि बोक्नुपर्छ ?

शिक्षक : पर्छ, तिमीहरूले कुनै रमाइलो ठाउँको वर्णन गर्नुपर्ने हुन्छ । यस्तो बेलामा तीनधारे झरनाको बारेमा छिट्टै लेख्न सक्छौँ । आफू भ्रमण गरेको ठाउँको मुख्य मुख्य कुरा कापीमा लेखेर राख्दा पछिसम्म सम्झना रहिरहन्छ ।

निरोज : मलाई तपाईंको कुरा साह्रै राम्रो लाग्यो नि ।

शिक्षक : अहो ! तिमीले कति चासो राखेको त !

निरोज : सर तीनधारे झरना जाँदा नजिक के के देख्न सकिन्छ ?



शिक्षक : तीनधारे झरना जाँदा काफलडाँडाबाट हिँड्दै जानुपर्छ । त्यहाँ राम्रा डाँडा पाखा, हरियाली वन जङ्गल देखिन्छ नि । अरू थुप्रै जीवजन्तु चराचुरुङ्गी पनि देख्न सकिन्छ ।

निरोज : सर मैले सोचेको त धेरै राम्रो रहेछ नि !

शिक्षक : हो नि, तिम्रो सोचलाई साथीसँग सल्लाह गरौँ । भ्रमण कहाँ जाने, कहिले जाने, कसरी जाने, किन जाने, के के लाने, को को जाने, के के गर्ने जस्ता कुरामा योजना बनाऊँ । योजनाअनुसार भ्रमण जाँदा उद्देश्य पूरा हुन्छ । भ्रमण व्यवस्थित हुन्छ । यसरी जाँदा रमाइलो पनि हुन्छ ।

निरोज : सर तपाईंले तीनधारे झरनासम्म लैजान सहयोग गर्ने भन्नुभएकामा धन्यवाद !

शिक्षक : ल त निरोज, तिमी साथीसँग छलफल गर, अनि घुम्न जाउँला, अब बिदा होऔँ ।

निरोज : सर, नमस्कार ।

शिक्षक : नमस्कार ।

(यतिकैमा दुवैजना बिदा हुन्छन् ।)

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) भ्रमण भनेको के हो ?

(ख) तीनधारे झरनाबाट कुन कुन ठाउँ देखिन्छ ?

(ग) भ्रमणमा जाँदा के के सामान लानुपर्छ ?

(घ) उनीहरू घुम्न कहाँ जाने योजना छ ?

(ङ) भ्रमणमा को को जाने कुरा भएको छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) उनीहरूको ........झरना हेर्न जाने योजना छ ।

(ख) भ्रमण जाँदा केही लेख्नका लागि कपी....पनि बोक्नुपर्छ ।

(ग) भ्रमणमा विद्यार्थीहरूको साथमा......हरू पनि जाने योजना छ ।

(घ) तीनधारे झरना भ्रमण जाँदा.....डाँडा हुँदै जानुपर्छ ।

(ङ) काफल डाँडाबाट मनोरम......हरू देखिन्छि ।

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

(क) भ्रमणमा जाँदा साथी साथीबिच सल्लाह गर्नु पर्दैन ।

(ख) भ्रमण भनेको नै घुम्नु हो ।

(ग) भ्रमणमा गएर केही फाइदा छैन ।

(घ) भ्रमणबाट नयाँ कुरा सिक्न सकिन्छ ।

(ङ) भ्रमणमा शिक्षकहरूसँगै जाँदा रमाइलो हुँदैन ।

४. **तपाईँले भ्रमण गर्नुभएको कुनै एक स्थानको वर्णन गरी एक अनुच्छेद लेख्नुहोस् ।**

५. **विद्यालयबाट नजिक रहेको पर्यटन क्षेत्र भ्रमण गर्न एउटा योजना बनाउनुहोस् ।**

६. **भ्रमणमा जाँदा के के सामग्री चाहिन्छ, सूची बनाउनुहोस् ।**

# ५ निलाम्बरी फूल



रोशीगाउँ रमाइलो ठाउँ
घुम्न जाउँ, रोशीको गाउँगाउँ
निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल
रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल



रोशी क्षेत्र साह्रै नै रमाइलो
डाँडापाखा घाम लाग्छ घमाइलो
निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल
रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल



काफल डाडाँ तिनधारे झरना
चैतेपानी बाह्र बर्षे मेलामा
निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल
रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल

घ्याङ डाँडाको रमाइलो पन



माम्ती भिमसेन,छन् हाम्रो भगवान

निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल



गुराँस फुल्छ भूमिचुली लेकैमा

घुमौं साथी यो हाम्रो भेगैमा

निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल



गाउँगाउँमा गुम्बा छन् मन्दिर

धेरै जाति, भाषा छ सबतिर

निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल



ताराखसे लेक शिखर छ राम्रो

पर्यटन क्षेत्र हो यो हाम्रो

निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौं है भुल



रोशी बग्छ महाभारत काखमा

हाम्रो ठाउँ सुन्दर छ लाखमा

निलाम्बरी फूल, निलाम्बरी फूल
साथी, निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौँ है भुल



खेतबारी सिँचाइ कुलो छ

किसानको आम्दानी ठुलो छ

निलाम्बरी फूल, निलाम्बरी फूल साथी, निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौँ है भुल



किसानको क्षेत्र हो रोशीगाउँ

बाह्रै वडा घुम्नलाई सबै जाउँ

निलाम्बरी फूल, निलाम्बरी फूल साथी,
निलाम्बरी फूल

रोशी क्षेत्र घुम्नलाई नगरौँ है भुल

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) निलाम्बरी फूल कति वर्षमा एक पटक फुल्छ ?

(ख) भूमिचुली डाँडामा के को फूल फुल्छ ?

(ग) महाभारतको काखमा कुन खोला बग्छ ?

(घ) रोशी गाउँपालिकामा जम्मा कतिवटा वडाहरू छन् ?

(ङ) रोशीको पर्यटन क्षेत्रहरू कविताको आधारमा लेख्नुहोस् ।

### २. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) रोशी गाउँपालिकाको गाउँ गाउँमा गुम्बा......मन्दिरहरू छन् ।

(ख) रोशी गाउँपालिकामा धेरै जाति र ..... छन् ।

(ग) ताराखसे लेक.........क्षेत्र हो ।

(घ) माम्ती भिमसेन मन्दिरमा भिमसेनको.........गरिन्छ ।

(ङ) चैते पानीमा ...... वर्षे मेला लाग्दछ ।

### ३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) निलाम्बरी | क) रोशी तीन |
| (ख) माम्ती भिमसेन | ख) रोशी बाह्र |
| (ग) ताराखसे लेक | ग) एक प्रकारको फूल |
| (घ) घ्याङडाँडा | घ) धार्मिक स्थल |
| (ङ) काफल डाँडा | ङ) पर्यटन |

४. तपाईँको विद्यालयनजिक रहेका पर्यटन क्षेत्र समेटेर स्थानीय लोकलयमा एउटा गीत तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. तपाईँले पर्यटकीय स्थल भ्रमण गर्दा भएका रमाइला र नरमाइला घटनाहरू बुँदागत लेख्नुहोस् ।

६. परियोजना कार्य

तपाईँको घरनजिक रहेका कुनै पाँचओटा धार्मिक तथा पर्यटकिय क्षेत्रको नाम लेख्नुहोस् ।

७. भ्रमण गर्दा अपनाउनुपर्ने सावधानी बुँदागत लेख्नुहोस् ।

१०

# सफल किसान



धेरै वर्ष अगाडिको कुरा हो । स्याउरीटार भन्ने ठाउँमा तीर्थ नाम गरेका एक जना किसान बस्थे । उनी पचास वर्ष उमेरका थिए । उनी धेरै गरिब थिए । उनका पाँच जना छोराछोरीहरू थिए । गरिबीको कारणले गर्दा उनलाई आफ्नो परिवार पाल्न धेरै धौ धौ परेको थियो ।

एक दिन उनी जङ्गलमा गएका थिए । उनले एउटा अति बाङ्गो रुख देखे । उनले त्यस रुखको हलो बनाउन सकिन्छ कि भन्ने विचार गरे । उनले त्यो रुख काटेर घरमा ल्याई हलो बनाउन थाले । नभन्दै उनी त्यसबाट हलो बनाउन सफल भए । अनि सुरिलो रुखको हाँगाबाट हरिस र जुवा पनि बनाए ।

उनी फाली र करुवा (किला) का लागि नजिकैको आरनमा गए । त्यहाँ ठुले नाम गरेका काका हुनुहुन्थ्यो । तीर्थले भने "काका, मलाई करुवा र फाली बनाइदिनुस् न ।"



“हैन, तिमीलाई किन चाहियो करुवा र फाली ?” ठुलेले टाउको कन्याउँदै सोधे ।

“मैले एउटा हलो बनाएको छु, त्यसैले नि ।” तीर्थले भने

“ए हो र, हुन्छ नि ।” ठुलेले आरनको भाटी चलाउँदै भने,

“तर मसँग अहिले पैसाचाहिँ छैन नि । मैले बनाएको हलो बेचेर मात्र दिन्छु है ?” तीर्थले भने ।

“हुन्छ, भोलि लिन आउनु, म करुवा र फाली तयार गरिराख्छु ।” ठुलेले भने । तीर्थ खुसी हुँदै त्यहाँबाट हिँडे ।

केही दिनपछि उनी ठुलेकहाँ गए । करुवा र फाली ल्याएर हलो तयार गरे । उनले बनाएको हलो निकै राम्रो थियो । उनले त्यो हलो बेचे । यसरी नै फेरि अरू हलो बनाउँदै बेच्दै गरेर धेरै पैसा जम्मा गरे । उनले ठुलेलाई दिनुपर्ने पैसा पनि तिरे ।

त्यसपछि तीर्थले सानो खेती किने । उनका परिवार मिलेर खेती गर्न सुरु गरे । उनीहरूले केही वर्ष परम्परागत तरिकाबाट खेती गरे । तीर्थले विचार गरे, "परम्परागत तरिकाबाट खेती गरेर उँभो लागिँदैन । गाँउमा कसैले पनि तरकारी खेती गर्न जानेको छैन । अब नयाँ तरिकाबाट तरकारी खेती गर्नुपर्छ ।"



उनले नयाँ तरिकाबाट आलु, प्याज, गोलभैँडा खेती गर्न थाले । उनले उत्पादन गरेका तरकारी मजाले गाउँमै बिक्री हुन लाग्यो । पैसा नहुनेले खेताला आउने सर्तमा तरकारी लैजान्थे ।

तीर्थले एक दिन जङ्गलको रूखमा मौरी झुम्म परेर बसेको देखे । उनले त्यो मौरी ल्याएर घरको खोपामा राखे । यसरी उनले मौरी पालन सुरु गरे । मौरी पालनबाट मह उत्पादन हुन्थ्यो । त्यो मह बेचेर उनलाई राम्रो आम्दानी भयो । मेहेनतको फल मिठो हुन्छ भनेझैँ उसले खेतीमा धेरै मेहनत गरे र केही वर्षमा अलि धेरै खेत किने । उनले मौसमअनुसार मकै, धान, बोडी, भटमास, करेला, फर्सी, काँक्रो खेती गरे । हिउँदयाममा गहुँ, तोरी, आलु, प्याज, काउली, गोलभैँडा, रायो, मुला खेती गरे । उनले पाखाबारी किनेर कागती, सुन्तला, निबुवा, नास्पाती, भुइँकटर फलफूलहरू खेती गरे ।

यसरी उनले मेहनत गरी धन कमाए । उनले अन्नबालीको खेती, तरकारी खेती, फलफूल खेती गरेको देखेर छिमेकीहरू पनि दङ्ग परे । यसरी उनले आफूलाई एक सफल किसानका रूपमा चिनाए ।

## अभ्यास

### १. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :

(क) तीर्थ कति वर्षका थिए ?

(ख) किसान किन ठुलेकामा गए ?

(ग) किसानले उत्पादन गरेको तरकारीको नाम के के हुन् ?

(घ) किसानले कहाँबाट मौरी ल्याए ?

(ङ) मौरीले के बनाउँछ ?

### २. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) तीर्थ धेरै........थिए ।

(ख) मेहनेतको फल.....हुन्छ ।

(ग) मौरीले........बनाउँछ ।

(घ) तीर्थले एउटा......बनाए ।

(ङ) हलोमा करुवा र......हाल्नुपर्छ ।

### ३. मिल्ने उत्तरमा ठिक चिह्न लगाउनुहोस् :

(क) तीर्थ कहाँ बस्थे ?

अ) मङ्गलटार आ) स्याउरीटार इ) पिपलटार

(ख) तीर्थ कति बर्षका थिए ?

अ) पच्चिस वर्षका

आ) तिस वर्षका

इ) पैँतिस वर्षका

(ग) तीर्थका कति जना छोराछोरीहरू थिए ?

अ) पाँच जना

आ) छ जना

इ) सात जना

(घ) हलोमा के ठोक्नुपर्छ ?

अ) किला र फाली

आ) करुवा र फाली

इ) किला नै किला

(ङ) करुवा र फाली कसले बनायो ?

अ) धनेले

आ) ठुलेले

इ) सानेले

४. **स्थानीय स्तरमा उत्पादन हुने अन्न र तरकारीको सूची बनाउनुहोस् ।**

५. तपाईँको घर करेसाबारीको महत्त्व एक अनुच्छेदमा लेख्नुहोस् ।

६. हलो बनाएको अवलोकन गर्नुहोस् र सोधखोज गरी हलो बनाउने तरिका लेख्नुहोस् ।

७. मौसमी र बेमौसमी तरकारीका नाम लेख्नुहोस् ।

# ११ व्यावसायिक खेती



कोपिला कक्षा ३ मा पढ्छिन् । उनको विद्यालयको नाम श्री लक्ष्मी नारायण माध्यमिक विद्यालय हो । कोपिलालाई व्यावसयिक खेतीसम्बन्धी परियोजना कार्य गर्नु थियो । उनले गाउँका एक जना व्यावसायिक खेती गर्ने किसानलाई भेटेर गरेको कुराकानी :

कोपिला : ल्हास्सो मामा !

मिम : ल्हास्सो, ल्हास्सो, भान्जी ! के छ नि भान्जी ?

कोपिला : ठिकै छु मामा । के हुनु, कोरोनाले गर्दा स्कुल पनि बन्द छ । सरहरूले फोन गरेर क्रियाकलाप गर्न दिनुहुन्छ ।

मिम : हो त नि । अनि के कामले आयौ त, आज ?

कोपिला : तपाईंले रहर लाग्दो गरी व्यावसायिक तरकारी खेती गर्नुभएको छ । यही तरकारी खेती हेर्न आएको नि । यो व्यावसायिक खेती बारे मलाई पनि केही बताइदिनुहोस् न मामा ?

मिम : अ ! हुन्छ नि भान्जी । परिवार पाल्नलाई केही त गर्नै पऱ्यो । हेर भान्जी सुरुमा मैले वर्षायाममा खुर्सानी खेती गर्न थाले । अनि हिउँदयाममा गोलभेंडा, आलु खेती गरे । घरका सबै परिवार मिलेर खेती गर्न थाल्यौँ । यस खेतीबाट उत्पादन भएको तरकारी बेचेर केही आम्दानी पनि गरेँ । व्यावसायिक रूपमा खेती गर्दा प्रशस्त आम्दानी हुने थाहा पाएँ ।

कोपिला : अनि अहिले त तपाईंको यति ठुलो तरकारी खेती, फलफूल खेती र भैँसी पालन छ नि ।

मिम : हो नि, पहिले मलाई व्यावसायिक खेती बारे त्यति राम्रो ज्ञान थिएन । मैले जिरी प्राविधिक शिक्षालयमा जे.टि.ए पढ्ने मौका पाएँ । त्यसपछि लगानी गर्न रुपियाँ पनि चाहिने भएकाले कृषि विकास बैङ्कबाट ऋण मागेँ । समय र मौसमअनुसार काँक्रो, गोलभेँडा, आलु, करेला, काउली तरकारी खेती गरेँ । अनि बेमौसमी खेती पनि सुरु गरेँ ।

कोपिला : बेमौसमी खेती भनेको के हो त, मामा ?



मिम : खास खेती गरिने समय बाहेक अरू समयमा गरिने तरकारी खेतीलाई बेमौसमी खेती भनिन्छ । जस्तै काँक्रो वर्षायाममा मात्र हुन्छ । तर विशेष खालको घर, जस्तै प्लास्टिकको घर वा टनेल बनाई हिउँदमा खेती गर्नुलाई बेमौसमी तरकारी खेती भनिन्छ । बजारमा बेमौसमी तरकारी धेरै मूल्यमा बिक्री हुन्छ। त्यसैले बेमौसमी तरकारी खेतीबाट मौसमी तरकारी खेतीबाटभन्दा बढी आम्दानी गर्न सकिन्छ ।

कोपिला : तपाईंले भैँसी पालन पनि गर्नुभएको छ नि ।



मिम : हो, मैले आधुनिक तरीकाले भैँसी र गाई पालन गरेको छु र यसको लागि त आधुनिक तरिकाको गोठ पनि निर्माण गरेको छु । नयाँ जातिको फलफूल खेती पनि गरेको छु । ड्रागन फ्रुट, एभोकाडो, ओखर, किवी आदि फलफूल पनि लगाएको छु ।

कोपिला : यसो भए त पक्कै पनि मामालाई धेरै फाइदा होला नि?

मिम : फाइदा त हुन्छ नि भान्जी । व्यावसायिक खेती गर्न पहिला प्राविधिक सिप पनि हुनुपर्छ । अनि लगानी गर्न रुपियाँ पनि चाहियो । यसबाट

रोजगारी दिन सकिन्छ । यसबाट उत्पादन पनि धेरै हुन्छ अनि आम्दानी पनि राम्रो हुन्छ ।

कोपिला : ए, बल्ल बुझेँ । विदेशमा गएर दुःख गर्नुभन्दा त स्वदेशमै व्यावसायिक खेती गरी सुखसाथ रमाउनु वेस !

मिम : हो नि ।

कोपिला : म पनि ठुलो भएपछि पढाइ सकाएर तपाईंले जस्तै व्यावसायिक खेती गर्छु नि । मेरो स्कुलमा पनि कृषि प्राविधिक शिक्षा सञ्चालन भएको छ । ढुक्कसँग त्यहीँ पढ्छु ।

मिम : ओहो ! धेरै राम्रो कुरा गऱ्यौ, भान्जी । व्यावसायिक खेती सुरु गरेपछि तिमीलाई म पनि सहयोग गर्छु नि त है ?

कोपिला : हुन्छ, मामा । मेरो परियोजना कार्य थियो । तपाईंले जानकारी दिएर सहयोग गर्नुभएकामा धन्यवाद, मामा ! साँझ पनि पर्न लाग्यो, म घरतिर लागे है मामा । ल्हास्सो !

मिम : ल्हास्सो ! ल्हास्सो ! भान्जी फेरि फेरि आउँदै गर्नू है त रु

(बाटामा जाँदाजाँदै मनमनै कोपिलाले सोचिन्, अहो ! रोशीमा पनि यसरी व्यावसायिक खेती गऱ्यो भने त हाम्रो रोशी पनि समृद्ध बन्छ । अनि हाम्रो देश पनि धनी हुने रहेछ !

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) व्यावसायिक खेती भनेको के हो ?

(ख) कोपिला पढ्ने विद्यालयको नाम के हो ?

(ग) कोपिलाले व्यावसायिक खेतीको बारेमा कोसँग कुराकानी गरिन् ?

(घ) कसले जिरी प्राविधिक शिक्षालयमा जे.टि.ए. पढ्ने मौका पाए ?

(ङ) बेमौसमी खेती भनेको के हो ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) व्यावसायिक खेती गर्दा......सिप चाहिन्छ ।

(ख) मौसमी तरकारीभन्दा बेमौसमी तरकारी.....हुन्छ ।

(ग) व्यावसायिक खेती गऱ्यो भने रोशी......बन्छ ।

(घ) कोपिलालाई व्यावसायिक खेतीसम्बन्धी.........कार्य गर्नु थियो ।

(ङ) प्राविधिक जे.टि.ए.को नाम......थियो ।

३. **मिल्ने उत्तर छानेर ठिक चिह्न लगाउनुहोस् :**

(क) कोपिला कति कक्षामा पढ्थिन् ?

अ) कक्षा एकमा　　आ) कक्षा दुईमा

इ) कक्षा तीनमा

(ख) कोपिलाले व्यावसायिक खेतीका बारेमा कोसँग कुराकानी गरिन् ?

अ) प्राविधिकसँग आ) किसानसँग

इ) शिक्षकसँग

(ग) केको कारणले गर्दा स्कुल बन्द भएको रहेछ ?

अ) बाढीको कारणले आ) कोरोनाको कारणले

इ) पानी परेको कारणले

(घ) प्राविधिकले कहाँबाट ऋण मागे ?

अ) हुलाकबाट आ) बैङ्कबाट

इ) प्रहरी चौकीबाट

(ङ) टनेल भनेको के हो ?

अ) प्लास्टिकको घर हो आ) जस्ताको घर हो

इ) खरको छानो हो

४. **तपाईँको घरमा कुन कुन पशुपन्छी पालिएका छन्, सूची बानउनुहोस् ।**

५. **तपाईँको घरमा पालिएका पशुपन्छीको महत्त्व एक अनुच्छेदमा लेख्नुहोस् ।**

६. **वर्षायाममा पाइने र हिउँद याममा पाइने पाँच पाँच ओटा तरकारीको नाम लेखेर ल्याउनुहोस् ।**

७. **तपाईँको गाउँमा कुन कुन जातका फलफूल खेती गरिएका छन्, सूची बनाउनुहोस् ।**

# १२ हाम्रो लोकगीत



कति है प्यारो हाम्रो ठाउँ
आऊ हिँड साथी घुम्न जाउँ
भूमिचुली डाँडामा बसेर
हाम्रो गाउँ हेर्दै खाजा खाउँ । ल्हासो........।



नाचौँला सेलो एक मेलो
रमाउँला रहुन्जेल उज्यालो
वैशाख पूर्णे बेलामा
पुगौँला घ्याङलेक मेलामा । ल्हासो....।

साउन पुर्णे नारायणथान
चुट्का र भजन नि सुन्ने हो
जनजाति शिल्पी खस आर्य
एउटै मालामा उन्ने हो । ल्हासो........।



रोशीको पानी जुगेपानी लेक
रिम्पोछे गुरुले देऊ विवेक
हामी त साना पढ्नु छ
साच्चैको ज्ञानी पो बन्नु छ। ल्हासो...।

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) लोकगीत भनेको के हो ?

(ख) गीतमा कहाँ घुम्न जाऊँ भनेको छ ?

(ग) कहाँ बसेर खाजा खाऊँ भनेको छ ?

(घ) कुन गीतमा नाचौँला भनेको छ ?

(ङ) घ्याङलेकमा कहिले मेला लाग्छ ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) हामी साँच्चीकैको ......बन्नुपर्छ ।

(ख) रिम्पोर्छे गुरुले.......दिनुहुन्छ ।

(ग) हामीले चुड्का र ..........पनि सुन्नुपर्छ ।

(घ) हाम्रो गाउँ ......छ ।

(ङ) हामी उज्यालो रहुन्जेल.....गर्नुपर्छ ।

३. तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :

(क) हामी कहिले पनि घुम्नु हुँदैन ।

(ख) घ्याङलेकमा मेला लाग्दैन ।

(ग) साउन पुर्णेमा नारायणस्थानमा मेला लाग्छ ।

(घ) हामीले पढ्नुपर्छ ।

(ङ) रोशी खोलामा पानी बग्दैन ।

४. स्थानीय लोकलयमा स्थानीय गीत लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् ।

५. स्थानीय लोक बाजा सूची तयार र ती बाजाहरू बजाउने अभ्यास गर्नुहोस् ।

६. तपाईँको भाषामा एउटा लोकगीत लेखेर ल्याउनुहोस् र कक्षामा गाएर सुनाउनुहोस् ।

७. तपाईँसँग कुन कुन काम गर्ने सिपहरू छन्, सूची तयार गर्नुहोस् र एउटा सिप कक्षामा प्रस्तुत गर्नुहोस् ।

८

# खान्डोमा माम



रोशी गाउँपालिका वडा नं ११ मा करमडाँडा भन्ने एउटा गाउँ छ । त्यहाँ मिक्चन थरको बाक्लो बस्ती छ । धेरै वर्षअघि त्यहाँ खान्डोमा माम बस्नुहुन्थ्यो । तामाङ भाषामा महिला झाँक्रीलाई खान्डोमा भनिन्छ । एकदिन मिक्चन थरका मादलेहरू मारुनी नाचका लागि राती वाल्टिङ गाउँ जानुभयो । वाल्टिङ गाउँमा सबै मादले र मारुनीहरू बेहोस भए । वाल्टिङ गाउँका दुईजना केटाहरू त्यही रात दौडेर खान्डोमा माम बस्नुभएको गाउँ करमडाँडा आइपुगे । वाल्टिङ गाउँका केटाहरूले मादले र मारुनीहरू बेहोस भएको कुरा खान्डोमा मामलाई सुनाए । खान्डोमा माम दौरा सुरुवाल लगाएर पुरुषको भेषमा वाल्टिङ गाउँ जानुभयो । खान्डोमा मामले अक्षता छर्केर बेहोस भएको मादले र मारुनीहरू सबैलाई होसमा ल्याए । खान्डोमा मामले त्यही रात काँक्रो को बिउ माग्नुभयो । त्यही रात रोप्नुभयो । त्यही रात उमार्नुभयो । त्यही रात फूल फुलाउनुभयो । त्यही रात फल फलाउनुभयो र त्यही रात त्यो काँक्रो सबै मादले र मारुनीहरूलाई चक्कुले चिरा चिरा गरी बाँडिदिनुभयो । यस्तो चमत्कारीपूर्ण काम गरेर खान्डोमा माम आफ्नै गाउँ करमडाँडा फर्किनुभयो ।

करमडाँडा फर्केको केही छिनमै थिल्वारका आफ्नै बहिनीले तान्त्रिक बिद्या प्रयोग गरेर जिस्काउनु भयो । एकछिन् थिल्वारका तान्त्रिक बिद्या जानेका बहिनीसँग घमासान तान्त्रिक युद्ध भयो । थिल्वारका बहिनीसँग तान्त्रिक युद्धमा हार्ने निश्चित भएपछि करमडाँडाका खान्डोमा माम थप तान्त्रिक बिद्या सिक्न पाँचखाल जानुभयो । पाँचखालकी दनुवारनी खान्डोमा मामको गुरुआमा हुनुहुन्थ्यो । बाटोमा आफ्नो गुरुआमाको श्रीमान्ले खुट्टाले पिपलको ठुलो हाँगा झुकाएर बाखालाई खुवाइरहेको अचम्मको दृश्य देख्नुभयो । खान्डोमा मामले नमस्कार गरेर सोध्नुभयो "आखे, माम कहाँ हुनुहुन्छ ?" माम घरमै हुनुहुन्छ भन्ने उत्तर पाएपछि खान्डोमा माम सरासर गुरुआमाको घर जानुभयो । खान्डोमा माम गुरुआमाको घर पुग्दा गुरुआमाले आफ्नै खुट्टाबाट आगो निकालेर रक्सी पारिरहेको झन् अचम्मको दृश्य देख्नुभयो । रातभरि दनुवार बिद्या सिकेर खान्डोमा माम करमडाँडा फर्किनुभयो र थिल्वारका बहिनीसँग फेरि तान्त्रिक युद्ध सुरु गर्नुभयो । दनुवार विद्या सिकेको कारण दिदीसँग बहिनीको हार भयो ।

थिल्वारका बहिनी भागेर गिम्दीको भिमसेन मन्दिरभित्र लुक्न जानुभयो । त्यहाँबाट पनि खान्डोमा मामले लखेट्नुभयो । थिलवारका बहिनी त्यहाँबाट भागेर तेमाल नारायणस्थानको मन्दिरभित्र लुक्न जानुभयो । खान्डोमा माम नारायणस्थानको मन्दिर पुग्दा थिल्वारका बहिनीले भन्नुभयो "अब तिमी हाम्रो गाउँमा नआऊ र म पनि तिम्रो गाउँमा आउँदिन" भनेर सर्त राख्नुभयो । यसरी थिल्वारको बहिनीले सर्त राखेको कारण थाक्ले र करमडाँडाका मिक्चन थरका झाँक्रीहरू उक्त कुरालाई विश्वास गरेर अहिले पनि झाँकी (गोइलो) सहित तेमाल नारायणस्थानको मन्दिरमा जाँदैनन् र केही गरी गएमा अनिष्ट हुन्छ भन्ने किंवदन्ती मक्चिन थरमा रहेको पाइन्छ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) खान्डोमा भनेको के हो ?

(ख) खान्डोमा माम कहाँ बस्नुहुन्थ्यो ?

(ग) खान्डोमा माम कुन थरीको हुनुहन्थ्यो ?

(घ) तामाङ भाषामा माम भनेको के हो ?

(ङ) मिक्चन थरका बोन्बो तेमाल नारायणस्थान मन्दिर गए के हन्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) खान्डोमा माम......गाउँ जानु भएछ ।

(ख) मिक्चन थरका सबै मादले र.......हरू बेहोस भई ढलेछन् ।

(ग) करमडाँडमा......थरको बाक्लो बस्ती छ ।

(घ) तामाङ भाषामा महिला झाँक्रीलाई......भनिन्छ ।

(ङ) एकछिन दुवै माम खान्डोमाबिच तान्त्रिक......नै भएछ ।

३. **तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :**

(क) पुरुष झाँक्रीलाई खान्डोमा भनिन्छ ।

(ख) खान्डोमा मामले माटो जपेर हान्नु भयो ।

(ग) खान्डोमा माम करमडाँडामा बस्नुहुन्थ्यो ।

(घ) मिक्चन थरका बोन्बोहरू गोइलो सहित तेमाल नारायणस्थान मन्दिरमा जानु हुँदैन ।

(ङ) खान्डोमा मामको गुरुआमाले खुट्टाबाट आगो निकालेकी थिइन् ।

४. **तपाईँको गाउँमा प्रचलित एउटा कथा लेख्नुहोस् ।**

५. **एकआपसमा मेलमिलाप हुँदा हुने फाइदाहरू के के हुन सक्छन्, छलफल गरी लेख्नुहोस् ।**

६. **घरमा आमाबुबालाई छोटो कथा भन्न लगाउनुहोस् र लेखेर ल्याई कक्षामा साथीलाई सुनाउनुहोस् ।**

७. **तपाईँको गाउँमा भएका प्रेरणादायी व्यक्ति खोजी गर्नुहोस् र उहाँले गरेका प्रेरणादायी कार्यको सूची बनाउनुहोस् ।**

# १४ सपना र दोर्जे



सपना र दोर्जे बिहान चाँडै विद्यालय आइपुगे । उनीहरूको विद्यालय पञ्चकन्या मावि हो । उनीहरू विद्यालयको चौरमा भकुन्डो खेल्न लागे । खेल्दा खेल्दै भकुन्डो गुडेर तल पुग्यो । सपना र दोर्जे भकुन्डोको पछिपछि दौडिए ।

“ऐया ! ” दोर्जे चिच्याए र थुचुक्क बसे ।

“के भयो दोर्जे ? सपनाले नजिकै गएर सोधिन् ।

“मेरो गोडामा काटे जस्तो छ । हेर त, रगत आएछ ।” दोर्जेले रुँदै भने ।



"ओहो ! तिमीलाई यो सिसाले काटेछ क्यारे ! हेर, यहाँ नजिकै कति धेरै फुटेका सिसा ।" सपनाले सिसा देखाउँदै भनिन् ।

"त्यतिखेरै नजिकैबाट एउटा आवाज आयो, "हा हा हा ! दोर्जे बाबु हिजो त्यो सिसा तिमीले नै यहाँ फालेका हौ नि । त्यो फुटेको सिसा मलाई दिएको भए अहिले तिमीलाई काट्ने नै थिएन ।"

"हो, मैले बाटामा सिसी भेटेको थिएँ । त्यो सिसी मैले नै यहाँ ल्याएर फुटाएको हुँ ।" दोर्जेले सम्झिए । सपना र दोर्जेले यताउता हेरे । त्यहाँ त कोही थिएनन् । कहाँबाट यो आवाज आएको होला ? दुवैजना छक्क पर्दै हेर्न लागे ।






"कसैले लुकेर भनेको हो कि ?" भनी सपना केही परसम्म हेर्न पुगेकी थिइन् । उनी चिप्लेर डङ्ग्रङ्ङ लडिन् ।

"त्यतिखेरै त्यहाँ कोही बोल्यो, "अघि आफैँले फालेको केराको बोक्रामा आफैँ चिप्लियौ नानी । त्यो बोक्रा मलाई दिएको भए तिमी लड्दिनथ्यौ ।

सपनाले सम्झिइन्, "हो त, यो केराको बोक्रा मैले नै फालेको हो । मैले केराको बोक्रा फालेको देख्नेचाहिँ को रहेछ ?" सपना दोर्जेनजिक आइन् । उनले भनिन्, "हिजो सरले भन्नुभएको थियो नि । जथाभावी फोहोर फाल्नु हुन्न । कुहिने फोहोर र नकुहिने फोहोर छुट्टा छुट्टै डस्टबीनमा राख्नुपर्छ ।"

"हो सपना जभाभावी फोहोर फाल्दा त आफैँलाई पो असर पर्ने रहेछ ।" दोर्जेले फुटेको सिसा टिपेर नजिकैको डस्टविनमा राख्न लागे । सपनाले नकुहिने फोहोर टिपेर डस्टविनमा राख्न लागिन् ।

कुहिने र नकुहिने डस्टविन एकसाथ बोले, "स्याबास, दोर्जे र सपना । अब तिमीहरूलाई सिसाले काट्दैन । चिप्लेर पनि लढ्दैनौ ।" सपना र दोर्जे छक्क परेर दुवै डस्टविनलाई हेरिरहे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) सपना र दोर्जेको विद्यालयको नाम के हो ?

(ख) सपना र दोर्जेले विद्यालयको चौरमा के खेले ?

(ग) कसको गोडाबाट रगत आयो ?

(घ) दोर्जेको गोडालाई के ले काटेको थियो ?

(ङ) सपना कसरी लडेकी रहिछिन् ?

२. **जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| (क) | बल | क) | फोहोर राख्ने भाँडो |
| (ख) | गोडा | ख) | जहाँतहीँ |
| (ग) | आवाज | ग) | भकुन्डो |
| (घ) | जथाभावी | घ) | खुट्टा |
| (ङ) | डस्टबिन | ङ) | स्वर |

## ३. मिल्ने उत्तर छानेर ठिक चिह्न लगाउनुहोस् :

(क) भकुन्डो गुडेर कहाँ पुग्यो ?

अ) माथि पुग्यो

आ) तल पुग्यो

इ) भिरमा पुग्यो

(ख) सपना र दोर्जे के को पछिपछि दौडिए ?

अ) बलको पछिपछि

आ) केराको बोक्राको पछिपछि

इ) फुटेको सिसाको पछिपछि

(ग) दोर्जे कसरी बसे ?

अ) टुकरुक्क

आ) थचक्क

इ) मस्त

(घ) सपना केको बोक्रामा चिप्लेर लडी ?

अ) केराको

आ) आँपको

इ) सुन्तलाको

(ङ) फोहोर कहाँ फाल्नुपर्छ ?

अ) भान्छामा

आ) कोठामा

इ) डस्टबिनमा

४. तपाईँको विद्यालयमा फोहोर व्यवस्थापन कसरी गर्ने गरिएको छ, फोहोर व्यवस्थापन गर्ने तरिका लेख्नुहोस् ।

५. कुहिने र नकुहिने फोहोरको सूची तयार गर्नुहोस् ।

६. तपाईँले तपाईँको घरबाट निस्केको फोहोर कहाँ र कसरी व्यवस्थापन गर्नुहुन्छ, लेखेर ल्याउनुहोस् ।

७. कुहिने र नकुहिने फोहोर छुट्टा छुट्टै व्यवस्थापन गर्दा हुने फाइदा लेख्नुहोस् ।

१५

# रोग र उपचार



विनिसा रोशी गा.पा. वडा नं. ७ रघुचौरमा बस्छिन् । एक दिन शनिवार खाना खाएपछि उनकी आमा सुनिता र उनीबिच भएको कुराकानी)

आमा : विनिसा आज शनिबार हो, नुहाउन आऊ ।

विनिसा : नाइँ, म त ननुहाउने । पानी चिसो छ ।

आमा : तिमीलाई थाहा छ, नुहाएन भने जुम्रा पर्छ । चाया पर्छ र टाइफस भन्ने रोग लाग्छ । ल ! मैले पानी तताएको छु, नुहाउन आऊ ।

विनिसा : अनि जुम्रा पर्न नदिन के गर्नुपर्छ नि, आमा ?

आमा : जाडोमा मनतातो पानी गर्मीमा चिसै पानीले हप्तैपिच्छे नुहाउनुपर्छ । नुहाइसकेपछि कपाल र पूरै जिउमा तोरीको तेल लगाउनुपर्छ । दिनहुँ कपाल कोर्ने गर्नुपर्छ ।



विनिसा : ल ल, त्यसो भए त नुहाउँछु ।

(नुहाइसकेर केही बेरपछि )

आमा : लाऊ विनिसा केरा ।

विनिसा : आहा ! केरा त कति मिठो रहेछ । यो बोका के गर्ने नि ?

आमा : यसलाई मलखाल्डोमा हाल । नत्र यसबाट लामखुट्टे, भुसुना, झिङ्गा फैलन्छ ।

विनिसा : लामखुट्टेले के गर्छ आमा ?

आमा : लामखुट्टेले टोक्यो भने धेरै थरीका रोग लाग्छ ।

विनिसा : के के रोग लाग्छ आमा ? रोग लाग्यो भने के गर्नुपर्छ ?



आमा : लामखुट्टेको टोकाइबाट मलेरिया, मस्तिष्क ज्वरो, कालाजार, डेङ्गु जस्ता रोग लाग्छन् ।

यस्ता रोग लाग्न नदिन राति झुल टाँगेर सुत्नुपर्छ । रोग लागिहालेमा स्वास्थ्य संस्थामा गएर उपचार गर्नुपर्छ ।

विनिसा : आमा यहाँ मुला रहेछ, खाऊँ ?

आमा : खान त खाउ, तर राम्ररी पखालेर खाऊ है ? तिमीलाई थाहा छ फलफूल, सागसब्जी, नपखाली खाँदा जुका, आउँ, झाडापखाला, जस्ता रोग लाग्छन् । त्यसैले राम्ररी पखालेर मात्रै खाऊ, भनेको ।

विनिसा : जुका, आउँ, पखाला कसरी ठिक हुन्छ त, आमा ?

आमा : जुका र आउँको औषधी खानुपर्छ । पखाला लागेमा जीवनजल र अरू औषधीसमेत खानुपर्छ । सरसफाइमा ध्यान दिनुपर्छ । बासी सडेगलेका, झिँगा भन्केका खानेकुरा खानु हुँदैन । बजारमा खुला

राखेका खानेकुरा खानु हुँदैन । खाना बनाउनुअघि, खानुअघि, साबुन पानीले राम्रोसँग हात धुनुपर्छ ।

विनिसा : तपाइँ किन जहिले पनि गाईको गोबरले घर लिप्नुहुन्छ आमा ?

आमा : स्याबास ! तिमीले राम्रो प्रश्न गऱ्यौ । हाम्रो भान्सामा खानेकुराका टुक्राहरू छरिएका हुन्छन् । राम्ररी सफा गरेन भने तिनीहरूबाट झिँगा, ढुसी किरा, ब्याक्टेरिया फैलन सक्छन् । त्यसैले गाईको गोबरले लिप्दा घर पनि सफा हुन्छ । त्यस्ता कीटाणु, किराहरूको रोकथाम गर्न सहयोग पुग्छ ।

विनिसा : आमा त्यसोभए म जहिले पनि आफ्नो कोठा सफा राख्छु । हप्तै पिच्छे नुहाउँछु, लुगा धुन्छु, नङ काट्छु, फोहोर खेल्दिन । ल आमा ?

आमा : ल ल, यी कुराहरूमा ध्यान देऊ । खाजा खाने बेला भएछ, राम्रोसँग हातमुख धोएर खाजा खान हिँड ।

विनिसा : हवस् आमा, अबदेखि म पनि तपाईँले जस्तै गरी सरसफाइमा ध्यान दिन्छु । तपाइँलाई सधैँ सघाउँछु । समय समयमा स्वास्थ्यसम्बन्धी नयाँ जानकारीहरू यसै गरी बताइदिनुहोस् है, आमा ।

आमा : हुन्छ ।

(दुवै आमा छोरी खाजा खानका लागि भान्सामा जान्छन् ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) नुहाएन भने के हुन्छ ?

(ख) हामीले कति दिनको फरकमा नुहाउनुपर्छ ?

(ग) लामखुट्टेले टोक्यो भने के हुन्छ ?

(घ) तपाईं बिरामी हुँदा उपचार गर्न कहाँ जानुहुन्छ ?

(ङ) हामीले कस्तो खानेकुरा खानु हुँदैन ?

२. **जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| (क) | जुम्राको टोकाइबाट | जुका, पखाला, आउँ |
| (ख) | लामखुट्टेको टोकाइबाट | मलेरिया |
| (ग) | फोहोर हातबाट | टाइफस |
| (घ) | घर लिप्न | गाइको गोबर रातो माटो |

३. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् ।**

(क) जाडो महिनामा मनतातो पानीले...... पर्छ ।

(ख) कपालमा तोरीको तेल.......हुन्छ ।

(ग) रोग लागेमा स्वास्थ्य संस्थामा गएर....... गराउनुपर्छ ।

(घ) हाम्रो भान्सा......हुनुपर्छ ।

(ङ) फोहोर कुरा............हुँदैन ।

४. सरसफाइ नहुँदा लाग्ने सर्ने र नसर्ने रोगको नाम लेख्नुहोस् ।

५. कुनै तीनओटा रोगका लक्षण लेख्नुहोस् ।

६. तपाइँको टाउकोमा जुम्रा पर्‍यो भने तपाइँ के गर्नुहुन्छ ? बुँदागत रूपमा लेखेर ल्याउनुहोस् र साथीलाई सुनाउनुहोस् ।

७. तपाइँले आफू स्वस्थ रहन कुन कुन तरिका अपनाउनुभएको छ लेख्नुहोस् ।

१६

# आगलागी



भाइबहिनी हो, आगलागी के हो ? आगलागी कहिले हुन्छ ? आगलागी कसरी हुन्छ ? आगलागीबाट जोखिम न्यूनीकरण कसरी गर्न सकिन्छ ? तपाईंहरूलाई पक्कै जानकारी होला । जानकारी छैन भने लिनुपर्छ । जानकारी लिइराख्यो भने आगलागी हुनबाट जोगाउन र जोगिन सकिन्छ ।

प्राय: गर्मीको समय चैतदेखि जेठ महिनासम्मको सुक्खायाममा आगलागी हुने गर्दछ । अगलागी गाउँबस्ती र वन क्षेत्रबाट सुरु हुनसक्छ । रोशी वनजङ्गलमा धनी छ । कहिलेकाहीँ वनजङ्गलमा लाग्ने डँढेलो विद्यालय र गाउँबस्तीसम्म फैलन्छ । आगलागीले प्रकोपको रूप लिने गरेको पाइन्छ । धेरैजसो आगलागीलाई रोक्न सकिन्छ । मानिसले आगाको स्रोत लापरबाही गर्नाले आगलागी हुने गर्दछ ।

**डँढेलो लाग्ने मानवीय कारणहरू यसप्रकार छन् :**

- खेती गर्न झाडी तथा वनमा आगो लगाउनु ।

- सुकेका पात, बाँस, काठहरू, तेल मट्टीतेल, पेट्रोलमा आगोले भेट्नु ।
- विद्युतीय सामग्रीहरू राम्ररी नजोडिएका तारहरूको जडान राम्ररी नगरिएमा, क्षमताभन्दा बढी विद्युत्को प्रयोग गर्दा ।
- मानवीय लापरबाही, जस्तै : धूमपान गरी चुरोटको ठुटो जथाभाबी फाल्नु, वनभोजपछि राम्ररी आगो ननिभाउनु, फोहोरमैला बाल्नु ।



## जोखिम न्यूनीकरणका उपायहरू

(क) आगलागी हुनुअघि :

- सामुदायिक वन उपभोक्ता समूह, बालक्लब, आमा समूह, स्काउट आदिलाई आगलागीको परिणाम/प्रभावबारे सचेत गराउने ।
- आगलागी नियन्त्रक समूहको निर्माण गर्ने ।
- आगो निभाउनका लागि अवाश्यक पर्ने उपकरण तथा औजारहरू जस्तै बेल्चा, डोरी, पानीजार, पन्जा, कम्बल, ज्याकेट, प्राथमिक उपचारका सामग्रीहरू व्यवस्थापन गर्ने ।

- घरहरू एक अर्कासँग नजिक वा जोडेर नबनाउने । घरमा लागेको आगो निभाउनका लागि व्यवस्थापन गर्ने । जस्तै : बाल्टिनमा बालुवा भरेर राख्ने तथा प्लास्टिकको पानी ट्याङ्कीको व्यवस्था गर्ने ।

(ख) आगलागी भइसकेपछि

- आगलागी भएको देखेपछि "आगो आगो" भनी ठुलो स्वरले कराउने र सबै जनालाई सचेत गराउने ।

- आगलागी भएको क्षेत्रबाट सकेसम्म चाँडो बाहिर निस्कन प्रयास गर्ने । यदि कुनै व्यक्तिले लगाएको कपडामा आगो लागेमा भिजेको कपडाले बेरिदिने वा भुइँमा सुत्न लगाउने लडीबुडी गर्न लगाई आगो निभाउने ।

- आगो फैलिनबाट रोक्न पानी, माटो, बालुवा, केराको बोट र भिजेको बिरुवालाई लहरै बसी एक अर्कालाई दिँदै आगलागी भएको ठाउँमा पुऱ्याउने र निभाउने ।

- आगलागी भएको वरिपरिको ठाउँबाट सुकेका पात हाँगाबिँगा, दाउरा, काठहरू तथा अत्यधिक प्रज्वलनशील पदार्थलाई हटाउने, उद्धार गरिएका व्यक्तिलाई आगलागी भएको स्थान वा धुवाँबाट टाढा राख्ने । घाइतेलाई समयमा स्वास्थ्यचौकी पुऱ्याउने । विद्युत्को मुख्य लाइन बन्द गर्ने, ग्यास सिलिन्डर र अन्य विद्युतीय सामानहरू बन्द गर्ने ।

- आगो निभाउने कार्यमा संलग्न हुँदा उद्धारकर्मीको मृत्यु भएका घटनाहरू पनि हुने भएकाले विशेष सावधानी अपनाउने ।

- आगलागीका घटनाबारे सम्बन्धित निकायहरू जस्तै : प्रहरी चौकी, अग्नी नियन्त्रक (दकमल) स्वास्थ्यचौकी, खोज तथा उद्धार समूहलाई जानकारी गराउने ।
- धाइतेहरूका लागि प्राथमिक उपचारको व्यवस्था गर्ने र उपचारका लागि अन्यत्र पठाउने ।

अब त तपाईँहरूले धेरै जानकारी पाउनुभयो । आगलागी हुन नदिन र आगलागी नियन्त्रणमा हाम्रो पनि ठुलो भूमिका रहेछ । आगलागीबाट प्राकृतिक सम्पत्ति र जनधन जोगाउन हामी पक्कै लागिपर्ने छौँ ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

क) आगलागी कसरी हुन्छ ?

(ख) कुनकुन समयमा र कुन महिनामा बढी आगलागी हुन्छ ?

ग) आगलागी भएको बेला कसरी समाधान गर्न सकिन्छ ?

घ) आगलागी हुन सक्ने वस्तुहरू कस्तो ठाउँमा राख्नुपर्छ ?

ङ) आगलागीबाट जोखिम न्यूनीकरण गर्न के के गर्नुपर्छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) आगलागी भएको बेला आगोलाई ................... पर्छ ।

(ख) जथाभावी बालबालिकालाई लाइटर, सलाई जस्ता वस्तु ................ हुँदैन ।

(ग) सुकेका ठाउँमा जथाभाबी आगो फुक्नु ............. ।

(ग) आगलागी भएमा सबैलाई ......... गर्नुपर्छ ।

३. तलका भनाइ ठिक भए ठिक र बेठिक भए बेठिक चिह्न लगाउनुहोस् :

(क) आगलागी हुँदा चुप लागेर बस्नुपर्छ ।

(ख) हामीले सधैँ लाईटर बोकेर हिँड्नुपर्छ ।

(ग) सुकेको झारपातनजिक आगो फुक्नु हुँदैन ।

(घ) सुक्खा मौसममा विशेष आगलागी हुने सम्भावना हुन्छ ।

(ङ) जथाभाबी बालबालिकाहरूलाई लाइटर, सलाईजस्ता वस्तु दिनु हुँदैन ।

४. आगलागी हुने कारणहरूको सूची बनाउनुहोस् ।

५. आगलागी नियन्त्रण गर्न अपनाउने तरिकाहरू लेख्नुहोस् ।

६. तपाइँको घरनजिक आगलागी भयो भने तपाइँ के गर्नुहुन्छ, लेखेर ल्याउनुहोस् ।

७. आगलागीबाट कस्ता कस्ता नोक्सान हुन सक्छन्, उल्लेख गर्नुहोस् ।

१७

# बाढी पहिरो

जान्छु रोप्न बिरुवा म खाली पाखामा
हरियाली देखिन्छ गाउँको काखमा
रुखका जरा बढेर माटो समाउँछ
पैरो जान दिँदैन च्याप्प समाउँछ ।





वर्षा याम पानी पऱ्यो दिन रातमा
हरियाली बाक्ला रुख झऱ्यो पातमा
पातमाथि कुद्यो पानी माटो गलेन
हाम्रा वन पाखामा त पैरो ढलेन

खेतबारी कान्लामा रुख जगाउँछु
माटो बग्न नदिएर पानी भगाउँछु
माटो बग्न नपाएर बाढी बढेन
खोला किनार जोगियो पैरो ढलेन



डर छैन ठुलो पानी पर्दा मलाई
पानी मात्र बगेको छ लान्न बगाई
बारी खेत पाखा माटो रोक्यौं यसरी
तपाईंले पैरो रोक्नुभयो कसरी ?

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) बाढी पहिरो कसरी जान्छ ?

(ख) हामीले रुख बिरुवा किन रोप्नुपर्छ ?

(ग) माटो बग्न नदिन के गर्नुपर्छ ?

(घ) तपाईंको घर वरिपरि रुख बिरुवा छ कि छैन ?

(ङ) तपाइले रुख बिरुवा रोप्नु भएको छ ?

२. **खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) खाली पाखामा..........रोप्नुपर्छ ।

(ख) रुखका जराले माटो...........समाउँछ ।

(ग) रुख बिरुवाका कारण वन जङ्गल.......देखिन्छ ।

(घ) रुख रोप्दा .....जाँदैन ।

(ङ) खेतबारीको कान्लामा.............रोप्नुपर्छ ।

३. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| (क) कान्ला | क) खोलाको दुवैतिरको भाग |
| (ख) पाखा | ख) रुखको सानो रूप |
| (ग) वर्षायाम | ग) खेतबारीको छेउछाउको जमिन |
| (घ) विरुवा | घ) भिरालो जग्गा |
| (ङ) किनार | ङ) प्रशस्त पानी पर्ने समय |

४. बाढी पहिरोबाट बच्ने उपायहरू लेख्नुहोस् ।

५. वृक्षारोपणबाट हुने पाँचओटा फाइदा लेख्नुहोस् ।

६. तपाइँ बस्ने घर वरिपरि बाढी पहिरो गएको छ कि छैन ? यदि गएको छ भने कसरी गएको होला, कारण लेख्नुहोस् ।

७. विपत्का बेला कस्तो व्यवहार गर्नुपर्छ, अभिनय गरी देखाउनुहोस् ।

# १८ को ठूलो ?



एक दिन नोर्बुका बुबाले मङ्गलटारबाट टेलिभिजन किनेर ल्याउनुभयो । उहाँले टेलिभिजनलाई टेबुलमाथि राख्नुभयो । सबै परिवार मिलेर टेलिभिजनमा रमाइला कार्यक्रम हेर्न लागे । सँगै रहेको रेडियोलाई कसैले वास्तै गरेन ।

टेलिभिजनका छेउमा रेडियो ठुस्स परेर बसेको थियो ।

"ए भाइ, तिमी किन ठुस्स परेर बसेको ? फुर्सदका बेलामा गफ गरौँ न, हुन्न र ?" टेलिभिजनले भन्यो ।

"तिमीले मलाई भाइ भन्यौ तर तिमीभन्दा त मै जेठो हुँ नि ।" टेलिभिजनले आफूलाई हेपेकामा रेडियोले चित्त दुखाउँदै भन्यो ।

"ओहो, मलाई माफ गर । मलाई थाहा नभएर हो । अब दाइ भनूँला ।" टेलिभिजनले नम्र भएर भन्यो ।

"ल, ठिकै छ । अँ, मैले केही दिनदेखि तिमीलाई हेरिरहेको छु । तिमीलाई त हेर्न र सुन्न सकिने पो रहेछ त । के तिमीले जादु गरेको हो ? रेडियोले अचम्म मान्दै भन्यो ।

“यो त सूचनाको नयाँ प्रविधि हो नि त । म त जे भन्छु त्यो देखाउन पनि सक्छु । यो नयाँ प्रविधिसँगै मेरो महत्त्व पनि बढेको छ । हेर, तिमी त सुनाउने काम मात्र गर्छौ । त्यसैले मानिसले तिमीलाई त्यति वास्ता गर्दैनन् ।” टेलिभिजनले रेडियोलाई होच्याउँदै भन्यो ।



“रेडियो र टेलिभिजको कुरा सुनेर नजिकै बसेको मोबाइल हाँस्यो । उसले भन्यो, “हेर साथी हो, अहिले त म पो उपयोगी भएको छु । सबैको हात हातमा मै छु । तिमीहरूले गर्ने काम सबै मै गर्न सक्छु । म रेडियो पनि बज्छु । पत्रपत्रिको काम, युट्युवको काम, फेसबुकको काम, दोहोरो कुरा गर्ने काम के के हो के के ! कहिलेकाहीँ त खाना खान पनि बिर्सन्छु ।

त्यतिखेरै नोर्वुका बा रेडियो नजिकै आउनुभयो र भन्नुभयो, “रोशीको सबै खबर न टेलिभिजनमा आउँछ न मोबाइलमा सुन्न सकिन्छ ।” उहाँले रेडियो हातमा लिनुभयो । रेडियो रोशी बजाउनुभयो र सुनेर आनन्द मान्दै फलैँचामा बस्नुभयो ।

यता टेलिभिजन र मोवाइल जिल्ल परेर रेडियोलाई हेरिरहे ।

## अभ्यास

**१. तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) टेलिभिजनको नजिक को ठुस्स परेर बसेको थियो ?

(ख) रेडियोमा मान्छे देख्न सकिन्छ कि सकिँदैन ?

(ग) टेलिभिजनमा मान्छे देख्न सकिन्छ कि सकिँदैन ?

(घ) मोबाइल किन हाँस्यो ?

(ङ) कसका बाले टेलिभिजन किनेर ल्याएका थिए ?

**२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :**

(क) नोर्बुका बाले........बाट टेलिभिजन किनेर ल्याउनुभयो ।

(ख) टेलिभिजनले रेडियोलाई...............भन्यो ।

(ग) टेलिभिजन सूचनाको नयाँ..............हो ।

(घ) रेडियो र टेलिभिजनको कुरा सुनेर...............हाँस्यो ।

(ङ) टेलिभिजनमा...............पनि बज्छ ।

**३. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| (क) रेडियो | क) मोबाइल |
| (ख) टेलिभिजन | ख) सुन्ने |
| (ग) मोबाइल | ग) हेर्ने |
| (घ) फेसबुक | घ) दोहोरो कुरा गर्ने |

४. माथिको पाठ पढ्नुहोस् र पाठबाट पाँचओटा प्रश्न निर्माण गरी साथीलाई उत्तर सोध्नुहोस् ।

५. तपाईँको घरमा सूचना प्रविधिका कुन कुन सामान प्रयोग भएका छन्, सूची तयार गर्नुहोस् ।

६. टेलिभिजनमा बाल कार्यक्रम हेर्नुहोस् र कार्यक्रममा आएका र भनेका कुरा कापीमा लेख्नुहोस् । लेखेका कुरा साथीलाई सुनाउनुहोस् ।

७. सूचना प्रविधिको प्रयोग गरी तपाईँले के के फाइदा पाउनुभएको छ, लेख्नुहोस् ।

# १५ सूचना प्रविधिको महत्व



राम कक्षा तीनमा पढ्ने विद्यार्थी हुन् । रामको घर शिखरपुरमा छ । रामको आमाको नाम रीताकुमारी र बुवाको नाम हर्कबहादुर हो । बिदाको दिन राम विभिन्न किताबहरू पढेर बिताउने गर्दछन् ।

बिदाको दिन थियो । राम किताब पढिरहेका थिए । त्यसै दिन रामको केराबारी बस्ने ठुलोबुवा आउनुभयो । ठुलोबुवा केराबारी स्कुलको शिक्षक हुनुहुन्थ्यो । ठुलोबुवा देखेर राम खुसी भए ।

राम : नमस्कार ठुलोबुबा !

ठुलोबुवा : नमस्कार, के छ तिम्रो खबर ?

राम : ठिकै छ, ठुलोबुबालाई सन्चै छ ?

ठुलोबुबा : सन्चै छु, आमाबुवा खोइ त ?

राम : आमाबुवा मेलामा जानुभएको छ । बस्नुहोस् न ठुलोबुवा ।

ठुलोबुवा : तिमीले के पढेर बसेको त बावु ?

राम : सूचना प्रविधिको बारेमा पढेको, बुझ्दै बुझिनँ, ठुलोबुवा ।

ठुलोबुबा : तिमीले रेडियो सुनेका, टेलिभिजन हेरेका र सुनेका त छौ नि ? अनि मोबाइलमा कुरा पनि गरेका हौला ?

राम : त्यो त छ, ठुलोबुबा ।

ठुलोबुला : त्यसो भए त्यो कसरी सम्भव भएको होला, भनेर पनि सोचेका छौ त ?

राम : त्यो त सोचेको छैन, ठुलोबुबा ।

ठुलोबुबा : हो यस्ता कुराको खोजिनिती गर्ने बानी गर्नुपर्छ । ल सुन, तिमीले टेलिभिजन हेरेका छौ । यो विद्युतीय सञ्चार माध्यम हो । यसमा ध्वनि, तस्बिर, अक्षर र अङ्कको रूपमा भण्डारण गरिएको हुन्छ । भण्डारण गरिएका सूचनाहरूलाई प्रसारण गरिन्छ । प्रसारण गरेपछि ती सूचनाहरू सबैका टेलिभिनमा एकसाथ आउँछन् । रेडियो, मोबाइल र कम्प्युटरमा पनि प्रसारण गर्ने तरिका यसरी नै हो ।

राम : अनि यो सूचना प्रविधिको महत्त्व के छ नि, ठुलोबुबा ?

ठुलोबुबा : तिमीले रेडियो, टिभीबाट के के सुनेका र हेरेका छौ, भन त ।

राम : मैले त दिनदिनकै समाचार, विज्ञापन, शिक्षा, कृषि कार्यक्रम हेर्ने र सुन्ने गरेको छु । गीतहरू सुन्ने गरेको छु । नाटक, फिल्म पनि हेर्ने गरेको छु ।

ठुलोबुबा : हो, यसको महत्त्व नै यही हो । घरमा बसेर देशविदेशका समाचार हेर्न र सुन्न पाइन्छ । पहिला पहिला चिठी लेखेर हुलाकको माध्यमबाट खबर ओहोरदोहोर हुन्थ्यो । रोशीको एक नम्बरबाट चिठी पठाउँदा बाह्र नम्बरमा आइपुग्न एक हप्ता लाग्थ्यो । अहिले मोबाइलबाट फोन गरेपछि छिनको छिनमा खबर थाहा हुन्छ । अनि सूचना प्रविधिको महत्त्व भएन त ?

राम : ओहो, ठुलोबुबा मौकामा आउनुभएछ । सूचना प्रविधिको धेरै जानकारी गराउनुभयो । हजुरलाई धन्यवाद !

ठुलोबुवा : ल, म अहिले हिँडेँ । भरे आउँछु ।

ठुलोबुबा हिँड्नुभयो, राम सूचना प्रविधिका विषयमा लेख्न लागे ।

## अभ्यास

१. **तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

(क) सूचना प्रविधि भनेको के हो ?

(ख) सूचना दिने कुनै तीनओटा साधनको नाम लेख्नुहोस् ।

(ग) सूचना प्रविधिको के महत्त्व रहेको छ ।

(घ) टिभीलाई सूचनाको एकतर्फी साधन किन मानिन्छ ?

२. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

(क) राम कक्षा..................पढ्ने बिद्यार्थी हो ।

(ख) रामको घर.............छ ।

(ग) रामका आमाबुबा................जानुभएको छ ।

(घ) रामको आमाको नाम .................... हो ।

(ङ) रामको ठुलोबुबा केराबारी स्कुलको...........हुनुहन्थ्यो ।

३. ठिक भनाइ छानेर कापीमा लेख्नुहोस् :

(क) मोबाइलमा भिडियो पनि हेर्न सकिन्छ ।

(ख) रेडियोबाट फोन गर्न सकिन्छ ।

(ग) टेलिभिजन हेर्न र सुन्न सकिन्छ ।

(घ) रामको ठुलोबुबा किसान हुन् ।

(ङ) रामको बुबाको नाम हर्कबहादुर हो ।

४. सूचना प्रविधिको महत्त्व एक अनुच्छेद लेख्नुहोस् ।

५. टेलिभिजनबाट आउने कुनै पाँचओटा कार्यक्रम लेख्नुहोस् ।

६. तपाईँले जानेका कुनै पाँचओटा सञ्चारका माध्यमहरूको नाम लेख्नुहोस् र कक्षामा साथीलाई सुनाउनुहोस् ।

७. टेलिभिजनमा आउने कार्यक्रम हेर्दा तपाईँलाई फाइदा पुग्ने तीनओटा कार्यक्रमको नाम लेख्नुहोस् ।